

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३६ ❖ २०७९ भदौ १८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 03 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७


# बालेनले मेरो सिको गरेका हुन् –नगरप्रमुख सिंह

प्रस, परवानीपुर, १७ भदौ/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह (बालेन)ले आफ्नो सिको गरेको बताएका छन् । महानगरपालिकामा निर्वाचित भएर आएको सय दिनको कार्यावधि एवं उपलब्धि सार्वजनिक गर्न आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले सो कुरा बताएका हुन् ।

वीमनपाको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा उनले सञ्चारकर्मीको प्रश्नमा भने, "काठमाडौंका प्रमुखजस्तै आफूले यहाँ गर्नुपर्दैन । हामी अर्काको नक्कल गर्दैनौं । बरु बालेनले मेरो नक्कल गरिरहेका छन् । शुरूमैं मैले वीरगंजको नाला अतिक्रमण, फूटपाथ अतिक्रमण हटाएँ र त्यसैको सिको अहिले बालेनले गरिरहेको छ ।"

उनले वीरगंजका पत्रकारहरूले वीमनपाले गरेका राम्रा कामको प्रचार कहिल्यै गर्दैनन्, राम्रो काम गर्ने बित्तिकै प्रश्न तेर्स्याउने गरेको आरोप लगाए । वीरगंजको मुख्य सडकखण्ड सम्बन्धमा अदालतमा मुद्दा विचाराधीन रहेको र टुङ्गो नलागेसम्म आफूले केही गर्न नसक्ने बताउँदै वीरगंजको माईधिया पोखरी, हजारीमल धर्मशाला, नगरसभा गृह, स्वीमिङपुललगायतका सार्वजनिक सम्पत्तिहरूको संरक्षण पनि आफ्नो मुख्य एजेन्डा रहेको बताए ।

उनले निर्वाचित भएर आएपछि प्रस्तुत गरेको २४ बुँदे फेहरिस्तमा वीमनपाको सरसफाइ र फोहर व्यवस्थापन, घूसखोरी नियन्त्रण, घण्टाघरको सडक मरम्मत, गहवामाई मन्दिरको सडक आधुनिकीकरण, सरसफाइको काम वडास्तरबाट विकेन्द्रीकरण गरिएको, घरनक्शा पास शाखामा भइरहेको ढिलाइको बारेमा व्यवस्थापन मिलाइएकोलगायतका कामहरू गरेको पत्रकार सम्मेलनमा जानकारी गराएका थिए । उनले आफू जितेपछि सम्पत्तिकर, सवारीकर, पिठियाकरलगायतका करको दर घटाएर जनतालाई राहत दिएको बताए ।

नगरप्रमुखमा जितेपछि आफ्नो फोन नउठ्ने गरेको भन्ने प्रश्नमा उनले व्यस्तता बढेकोले उत्ति नै खेर फोन नउठाउने गरेको तर पछि कलब्याक गर्ने गरेको दाबी गरे । युवाहरूको मतबाट विजयी भएपछि युवाहरूको लागि सय दिनमा के



तस्वीरः प्रतीक

गर्नुभयो ? भन्ने प्रश्नमा उनले युवाहरूलाई रोजगारको लागि वीमनपाले रणनीति बनाएर अगाडि बढेको दाबी गरे । वीमनपाको सेवा चुस्तदुरुस्त बनाउन वीमनपामा ईहाजिरीको व्यवस्था गरिएको, हरेक शाखामा इन्टरकम फोन सेवा, कर्मचारीहरूलाई समयमा कार्यालय आउन निर्देशन दिएको, सेवाग्राहीहरूको लागि कार्यालयलाई वातानुकूलित गरिएको, नेपाल विद्युत् प्राधिकरणले उपलब्ध गराएको सूची अनुसार १० हजार घरेलु मिटरमा अधिकतम ३० युनिट र महानगरभित्रका ४७० कृषिमिटरको भुक्तानी महानगरले गर्ने निर्णय गरेको उनले बताए ।

त्यसैगरी, वीमनपाको लागि पाएको दुई हजार ७७१ बोरा रासायनिक मलमा १० हजार बोरा मल बढाउन गृहकार्य गरेको र जसमध्ये छ हजार बोरा वितरण भएको र चार हजार बोरा केही दिनमा वितरण गर्ने, साल्ट ट्रेडिङबाट थप दुई/दुई हजार बोरा डिएपी र युरिया मलको कोटा बढाएको उनले बताए ।

उनले विन्ध्यवासिनीमाई मन्दिर र लक्ष्मणवास्थित नृसिंह मठलाई व्यवस्थित गर्ने कार्ययोजना अगाडि बढाएको बताए । वीरगंजको बाइपास सडकखण्डमा दुई हजार सात सयवटा बिरुवा रोपण गरेको चर्चा गर्दै विद्यार्थीहरूले छात्रवृत्तिमा भोग्दै आएको समस्यामा जुन क्याम्पसमा विद्यार्थी अध्ययनरत छन्, सोही क्याम्पसलाई छात्रवृत्ति वितरणको जिम्मा दिएको उनले बताए । साथै कक्षा ९ र ११ को छात्रवृत्तिको लागि महानगरपालिकाले परीक्षा लिने र अन्यको हकमा विद्यालयले नै परीक्षा लिएको आधारमा छात्रवृत्ति दिने व्यवस्था मिलाएको उनले बताए ।

वीमनपाभित्र सञ्चालित संस्थागत विद्यालयले चर्को शुल्क लिइरहेको अवस्थामा शिक्षा समितिलाई पूर्णता दिएर विद्यालय स्तरीकरण तथा शुल्क निर्धारण उपसमिति गठन भएको र भौतिक पूर्वाधार र अन्य कुराको आधारमा शुल्क निर्धारण गर्ने काम अघि बढेको र त्यसपछि उक्त समस्या पनि समाधान हुने उनले बताए ।

वीमनपाभित्र २८७ शिक्षकको अभाव पूर्ति गर्न शिक्षा मन्त्रालयसँग पहल गर्ने, स्वास्थ्यकर्मीको हकमा एमबिबिएस चिकित्सक, स्टाफ नर्स तथा अनमीसहितको टोली नगरप्रमुख घरदैंलो स्वास्थ्य कार्यक्रम अन्तर्गत वीमनपाका हरेक वडामा पठाइने व्यवस्थापन मिलाउँदै गरेको उनले बताए । उनले घरनक्शा पासका लागि समस्या भइरहेको बताउँदै हजार वर्गमिटर क्षेत्रफलको घरको नक्शापास वडाबाट गरिने बताए ।

उज्यालो वीरगंज कार्यक्रम अन्तर्गत बिग्रिएका सडक बत्तीको मरम्मत, आवश्यक स्थानमा सिसिटिभी जडान, फोहर व्यवस्थापनको लागि ल्यान्डफिल र नयाँ उपकरण जडानको काम अघि बढाइएको उनले बताए । वीरगंजको ट्राफिक समस्या समाधानको लागि सिटी राइड, म्याजिक भ्यानको पार्किङ बसपार्कमा गर्ने, ईरिक्शालाई महानगरमा दर्ता गर्नुका साथै रूट निर्धारण गर्ने काम अगाडि बढेको बताए । उनले वीमनपाको बोर्ड बैठकले वीरगंजको व्यवस्थित विकासको लागि वीरगंज विकास प्राधिकरण गठन गर्ने निर्णय गरेको पनि उनले बताए ।

नगरप्रमुखमा जितेपछि पूर्वनगरप्रमुखलाई जेलमा हाल्छु भन्नुभएको थियो, कहिले जेल हाल्नुहुन्छ भन्ने प्रश्नमा उनले त्यसबारेमा सम्बन्धित निकायले छानबीन गरिरहेको र दोषी देखिएमा अवश्य नै जेल जाने भन्ने जवाफ दिए ।

नगरप्रमुख सिंहको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा उपप्रमुख इम्तियाज आलमले न्यायिक समितिको गतिविधिबारे जानकारी गराएका थिए । सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेलको सहभागिता थियो ।

# कबाडीकर खारेजीको माग गर्दै आन्दोलन शुरू

प्रस, परवानीपुर, १७ भदौ/



तस्वीरः प्रतीक

वीरगंज महानगरपालिकाले चालू आव २०७९/८० को लागि लगाएको कबाडीकरको विरोधमा शुक्रवारदेखि आन्दोलन शुरू भएको छ ।

कबाड व्यवसायी सङ्घ, पर्साले आजदेखि अनिश्चितकालको लागि आन्दोलन शुरू गरेको जनाएको छ । वीरगंजमा बसेको सङ्घको बैठकले शुक्रवारदेखि कबाडका पसल, व्यवसाय बन्द गरी आन्दोलन शुरू गरिएको सङ्घका अध्यक्ष अनवर हुसेनले बताए । आन्दोलन अन्तर्गत कबाडजन्य वस्तुको सङ्कलन, बिक्री वितरण तथा ढुवानीलगायतका काम ठप्प पारिएको उनले स्पष्ट पारे ।

जबसम्म महानगरपालिकाले लगाएको कबाडीकरको ठेक्का खारेज गर्दैन, तबसम्म आफूहरूको आन्दोलन जारी रहने उनले बताए । गत भदौ ७ गते कबाडीकरको विरोधमा व्यवसायीहरूले परवानीपुर सडकखण्डमा बिहान ८ देखि ९ बजेसम्म एक घण्टा चक्काजाम गरेका थिए । त्यसपछि वीरगंज महानगरपालिकाको राजस्व महाशाखा, कबाडीकरका ठेकेदार मेदान्त कन्स्ट्रक्शन प्रालि, वीरगंज-५ का प्रोप्राइटर सञ्जय गुप्ता र व्यवसायीहरूबीच छलफल भएको थियो ।

भदौ १५ गतेको कार्यपालिकाको बैठकमा कबाडीकर किलोको रु २.२६ बाट घटाएर किलोको ९० पैसा गर्ने महानगरको निर्णयमा व्यवसायीहरूले पूर्णरूपमा सो कर खारेजीको माग गरेका हुन् । आव २०६२/६३ मा नेपाल सरकारले हरेक किसिमका अवैधानिक करहरूलाई हटाएको थियो । २०७४ सालमा स्थानीय तह गठन भएपछि आएको नयाँ नेतृत्वले सवारीकर, पिठियाकर, कबाडीकरलगायतका आन्तरिकरूपमा आर्थिक स्रोत जुटाउन यस्ता करहरूको ठेक्का लगाउन शुरू गरेको हो ।

जस अन्तर्गत वीरगंज मनपाले यस्तो ठेक्का लगाएको हो । वीरगंज महानगरको प्रमुखमा राजेशमान सिंह निर्वाचित भएपछि सवारीकर र पिठियाकर खारेज भए तापनि कबाडीकर खारेज नभएकोले यसको पनि खारेजीको माग उठ्न थालेको हो । व्यवसायीहरूले कबाडीकर तिर्दा एउटा गाडीमा दश टन माल भयो भने प्रतिगाडीको रु १० हजार करमैं जाने भएकोले आफूहरूमाथि आर्थिक भार थपिएको तर्क प्रस्तुत गरेका छन् ।

महानगरपालिकालाई सम्पत्तिकर, आन्तरिक राजस्व कार्यालयलाई मूअक र आयकरलगायतका कर तिरिराख्दा पनि यो दादागिरी कर भएकोले खारेज हुनुपर्ने माग राखेका छन् ।

(बाँकी पाँचौं पातामा)

# प्रत्यक्ष र समानुपातिकमा सिफारिश हुने क्रम जारी

प्रस, वीरगंज, १७ भदौ/

जनता समाजवादी पार्टी, पर्सा क्षेत्र नं १ (ख) बाट मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीको एकल नाम सिफारिश भएको छ । शुक्रवार बसेको प्रदेशसभा निर्वाचन क्षेत्र नं १ को बैठकले सो निर्णय गरेको वडाध्यक्ष रमेशप्रसाद यादवले बताए । उनकै अध्यक्षतामा बसेको बैठकले समानुपातिकतर्फ प्रदेशसभा सदस्य भीमा यादव, जमिला खातुन, शशी गुप्ता, प्रेमकुमारी सिंह क्षत्री, रामदरश प्रसाद, सलाउद्दीन मियाँ, अयुब मियाँ, वीरेन्द्र यादव, लालदेवप्रसाद यादव, ईश्वरचन्द्र यादव, नुरुलहोदा फकिर, श्यामबाबूप्रसाद चौरसिया गरी १२ जनाको नाम सिफारिश गरिएको छ ।

यसैगरी, जसपाबाट पर्सा क्षेत्र नं ३ (क) को लागि प्रत्यक्षतर्फ शिवकुमार साह, प्रमोदकुमार जयसवाल, मन्जुर अन्सारी, अनिल राउत गरी चारजनाको नाम सिफारिश गरिएको छ भने समानुपातिकतर्फ हफिम खातुन, अमिना खातुन, पुनीतदेवी गिरी, रविनेशा खातुन, शिवसाह तेली, नागेन्द्रप्रसाद यादवलगायत



तस्वीरः सौजन्य

१५ जनाको नाम सिफारिश भएको छ । बैठक उपेन्द्र यादवको अध्यक्षतामा बसेको थियो । यसैगरी, पर्सा जिल्ला निर्वाचन क्षेत्र नं ३ (क) बाट प्रत्यक्षतर्फ प्रदेशसभा सदस्यमा जसपा नेपालका मधेस प्रदेश परिषद् सदस्य शिवकुमार साहको नाम सिफारिश गरिएको छ ।

यसैगरी, नेकपा एमाले जिल्ला कमिटीले पर्सा क्षेत्र नं १ (क) मा संविधानसभा सदस्य विचारीप्रसाद यादवको नाम प्रदेशसभा सदस्यको लागि सिफारिश गरेको छ । आज भएको बैठकले प्रत्यक्षतर्फ यादवसहित सातजना र समानुपातिकतर्फ ११ जनाको नाम सिफारिश गरेको छ । यसैगरी, एमालेको क्षेत्र नं ३ को प्रादेशिक समितिको बैठकले प्रदेशसभा सदस्यमा नीरराज गिरीको एकल नाम सिफारिश गरेको छ ।

समानुपातिकमा लक्ष्मी थापा कुशवाहा, पुरन यादव, असरफ मियाँ, इमाम मियाँ, इन्द्रदेव महतो थारू, गौरी यादव, केसी लामिछानेको नाम सिफारिश गरेको छ । बैठक हरिनारायण रौनियारको अध्यक्षता तथा पर्साका सहइन्चार्ज राजकुमार गुप्ताको प्रमुख आतिथ्यमा भएको थियो ।

यसैगरी, नेकपा एमालेबाट पर्सा क्षेत्र नं २ (ख) को प्रत्यक्षतर्फ महेश दास, श्याम गुप्ता, रूपनारायण प्रसाद, हरेराम पटेल, खुर्रम आलम गरी पाँचजनाको नाम सिफारिश गरिएको छ । समानुपातिकतर्फ हरिशङ्करलाल कर्ण, शशिकला देवी, हीरामतीदेवी कुर्मी, नूतन सरावगी, अफजल हुसेन, सारा खातुनको नाम सिफारिश गरिएको छ ।

प्रदेशसभा क्षेत्रीय कमिटीका संयोजक अफजल हुसेनको अध्यक्षता तथा पर्सा इन्चार्ज प्रभु हजराको प्रमुख आतिथ्यमा भएको बैठकमा केन्द्रीय सदस्य अरविन्द सिंह, जिल्ला अध्यक्ष जयप्रकाश थारू, वीरगंज महानगर कमिटीका सचिव सुन्दर कुर्मीलगायतको सहभागिता थियो ।

## छोटकरी

### मोटर चोरी गर्ने तीनजना पक्राउ

प्रस, सिम्रौनगढ, १७ भदौ/

सिम्रौनगढ नगरपालिका-६ अमरपुरबाट दिउँसै विद्युतीय सिंचाइ मोटर चोरी गरी भाग्दै गरेका तीनजनालाई स्थानीयवासीले पक्राउ गरी प्रहरीलाई सुम्पेका छन् ।

सिम्रौनगढ-१ का २० वर्षीय कमलेश मुखिया, १९ वर्षीय शैलेन्द्र मुखिया र वडा नं ३ का १९ वर्षीय अक्षयकुमार कुशवाहालाई स्थानीयवासीले पक्राउ गरी प्रहरीको जिम्मा लगाएको हो । बुधवार दिउँसो धुपेन्द्र पटेलको खेतमा चलिरहेको सिंचाइ मोटर चोरेर भाग्ने क्रममा उनीहरूलाई स्थानीयले पक्राउ गरी इलाका प्रहरी कार्यालय, सिम्रौनगढमा बुझाएका थिए ।

# भाउजूसँग मिलेर पत्नीको हत्या

प्रस, वीरगंज, १७ भदौ/

बारा जिल्लाको महागढीमाई नगरपालिकामा एकजना पतिले भाउजूसँग मिलेर पत्नीको हत्या गरेको पुष्टि भएको छ । महागढीमाई नगरपालिका वडा नं ३ गंजभवानीपुर टोलका २७ वर्षीय सैमुद्दीन अन्सारीले भदौ १६ गते २५ वर्षीया भाउजू अप्साना खातुनसँग मिलेर पत्नी शहनाज खातुनको हत्या गरेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रहरी निरीक्षक रामकाजी थापाले बताए ।



तस्वीर सौजन्यः जिप्रका, बारा

भदौ १६ गते महागढीमाई नगरपालिका-३ गंजभवानीपुर बस्ने सैमुद्दीनकी पत्नी २५ वर्षीया शहनाज खातुन घरमा मृत फेला परेकी थिइन् । अनुसन्धानको क्रममा प्रहरीले पत्नीको हत्यामा पति सैमुद्दीन र भाउजू अप्साना खातुनको संलग्नता देखेपछि निजहरूलाई हिजै पक्राउ गरेको प्रनि थापाले बताए । उनले पक्राउ परेका दुवैजनालाई कर्तव्य ज्यान मुद्दामा बारा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको बताए ।

## विचारसार र सूक्तिहरू

**इच्छा–आकाङ्क्षा त्यो चरो हो, जसलाई जति उडायो त्यति नै उड्छ, तर मानिसले हेक्का गर्दैन कि चरोको पनि उड्ने सीमा हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# उम्मेदवार सिफारिशको लहर

**मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशसभा सदस्य पदका लागि अहिले धमाधम उम्मेदवार सिफारिश भइरहेको छ । साना–ठूला दलका साथै गठबन्धनमा रहेका पाँच दलले पनि उम्मेदवार सिफारिश कार्य शुरू गरेको छ । सत्तासीन पाँच दलीय संयुक्त गठबन्धनका शीर्ष नेताहरूबीच जहाँ भागबन्डाको विषय टुङ्गो लाग्न सकेको छैन, त्यहीं ती दलका जिल्ला कमिटी, क्षेत्रीय कमिटीको बैठकले सङ्घ र प्रदेशसभा सदस्यहरूको लागि प्रत्यक्ष र समानुपातिकतर्फ उम्मेदवारहरूको सिफारिश गर्दैछन् । सरकारमा रहेको सत्ता गठबन्धनबीच कसले कति सिट लिने भन्नेबारेमा टुङ्गो लाग्न सकेको छैन । नेकपा माओवादी केन्द्र र नेपाली काङ्ग्रेसले आधा र गठबन्धनका अन्य दलहरूले आधा सिट लिनुपर्ने तर्क राखिँदै छ भने गठबन्धनको अर्को घटक नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीले नेकाले ८० सिट मात्र लिनुपर्ने र बाँकी गठबन्धनका चार दलबीच बाँडफाँड गरिनुपर्ने तर्क राखेको छ । सिट बाँडफाँडका लागि गठबन्धनको कार्यदल पनि बनेको छ । कार्यदल दश दिन बढीदेखि यो विषयमा छलफलमा छ तर अहिलेसम्म सिट बाँडफाँडमा कुरा भने मिलिसकेको छैन ।**

**स्थानीय चुनावताका पनि पाँच दलीय गठबन्धनमा सिट बाँडफाँडको कुरा ढिलो गरी मिलेको थियो । त्यतिखेरको कुरा अर्कै थियो । चाँडो सिट बाँडफाँड गर्दा टिकट नपाउने दाबेदारहरू अन्य दलमा जाने सम्भावना थियो । त्यसैले नाम दर्ताको केही दिनअघि मात्र सिट बाँडफाँडको टुङ्गो लगाइएको थियो । अहिले भने समानुपातिकको बन्द सूची असोजको पहिलो सातासम्म निर्वाचन आयोगमा दर्ता गर्नुपर्ने बाध्यता छ। प्रत्यक्षका लागि भने उम्मेदवारी निर्वाचन आयोगले तोकेको समयमा दलहरूको सिफारिशका आधारमा उम्मेदवारी दर्ता गर्न सकिनेछ । स्थानीय चुनावमा पनि जिल्लास्तरमा गठबन्धनमा रहेका दलहरूले आफूखुशी उम्मेदवारहरू चयन गरेका थिए। पछि गठबन्धनका उम्मेदवारहरू घोषित भएपछि भागबन्डा अनुसार उम्मेदवारी पर्‍यो । चितवनलगायतमा गठबन्धनको विरोधमा विद्रोही उम्मेदवारहरू पनि लडे । नेका, पर्साले पनि केन्द्रमा भएको गठबन्धनको निर्णय मान्य नहुने भनेर निर्णय नै गरेको थियो। पछि गठबन्धनको निर्णय स्वीकार्न बाध्य भयो र नगर उपप्रमुखमा चित्त बुझायो । अहिले नेका, पर्साले आधिकारिकरूपमा उम्मेदवार सिफारिश गरेको छैन। तर नेका, पर्साभित्र गुटबन्दी शुरू भएको छ र एक पक्षले भेला गरेर उम्मेदवार सिफारिश कार्य गरिरहेको छ । नेका, पर्सा अहिले गठबन्धनको आधिकारिक निर्णयको प्रतीक्षामा छ । स्थानीय चुनावमा भएको घटना नदोहरियोस् भनेर अहिले हतार गरेको छैन ।**

**तर गठबन्धनमा रहेको जसपाले भने धमाधम उम्मेदवार सिफारिशमा लागेको छ । नेकपा माओवादी केन्द्र र नेकपा एस पनि अहिले उम्मेदवार सिफारिश गर्ने कार्यमा गठबन्धनको निर्णयको प्रतीक्षा गरिरहेका छन्। अहिले हतारहतार उम्मेदवार सिफारिश गर्दा अन्य दलहरूलाई खासै असर नपर्ला तर गठबन्धनलाई भने फरक पर्छ । किनभने केन्द्रले गर्ने निर्णय अस्वीकार गर्ने दुस्साहस जिल्लाले गर्न सक्दैन । दलगत राजनीतिक संरचना यसै प्रकारबाट चलिआएको छ। पार्टीको केन्द्रिय कमिटीको निर्णय प्रदेश अनि जिल्ला तहमा लागू हुने गर्छ। त्यसैले अन्य दलहरूले उम्मेदवार सिफारिश कार्य गरे पनि गठबन्धनमा रहेका दलहरूले हतार गर्दा पछि पछुताउने पर्ने हुन सक्छ ।**

# महान् भन्ने भाष्य नै दासता र विदेशको परिचायक हो

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**पुरुषको सत्ता कायम राख्न तथा नारीको जीवन नर्क बनाउन राज्यसमेतको मिलेमतोमा धर्मले प्रमुख भूमिका खेलेको छ । नारीहरूलाई पूर्वजन्म तथा भाग्यवाद र चरम उपभोक्तावादी बजारवादी बनाएर अझैं सयौं वर्ष दासी बनाइराख्ने दिवासपना देख्दैछ पुरुष सत्ता ।**

हाम्रो समाजले हजारौं वर्षदेखि महान् शब्द प्रयोग गरेको देखिन्छ । नेपाली शब्दकोषमा महान् शब्दको अर्थ ठूलो, उच्च, विशाल भनिएको छ । महान् शब्द राजा–महाराजा, सम्राट्, सुरवीर, दार्शनिक, राजनीतिक नेता, वैज्ञानिक, अभिनेता, कवि, कलाकार आदि सबै क्षेत्रका प्रतिभावान् मानिसको अगाडि जोडिएर आएको विगतको हाम्रो लामो इतिहास छ। हुँदाहुँदै महान् शब्द जोडिने क्रम समाजमा खास–खास चाडपर्वको लागि समेत आउन थालेको देखिन्छ । हालका दिनहरूमा हिन्दूहरूको चाड दशैं, छठ र होली, तीज, तिहार भाइटीकालगायत अगाडि पनि महान् शब्द जोडिन थालेको छ। यहाँ बुझ्नुपर्ने कुरो के हो भने जब हामी ठूलोको कुरा गर्छौं त्यहाँ सानो पनि छ भन्ने बुझिन्छ। जब हामी बाठोको कुरा गर्छौं त्यहाँ लाटो पनि छ भन्ने निस्सन्देह बुझिन्छ । जब हामी सेतोको कुरा गर्छौं भने त्यहाँ कालो, रातो, नीलो, हरियो, पहेंलोलगायत अन्य रङ्ग पनि छन् भन्ने कुरा सँगसँगै बुझिन्छ अर्थात् माथिका कुराहरू तुलनात्मक कुराहरू हुन् । जब–जब हामी महान्को कुरा गर्छौं, तब–तब हामीले के बुझ्नुपर्छ भने त्यहाँ शैतान वा तुच्छहरूको पनि उपस्थिति छ। यसरी हाम्रो समाजमा यो महानता र तुच्छता के हो ? आउनुस् यसबारे थोरै चर्चा गरौं ।

मानव समाजमा जतिबेलासम्म जङ्गली अवस्था (आदिम साम्यवाद) थियो। त्यति बेलासम्म प्रमुख उत्पादक शक्ति प्रकृति नै थियो । फलस्वरूप त्यहाँ कोही पनि महान् वा तुच्छ थिएन । न कोही ठूलो थियो, न कोही सानो । बरु त्यहाँ सबै समान थिए । सबैले प्रकृतिबाट चाहिने जति खानेकुरा लिन्थे र जीवननयात्रा अगाडि बढिरहन्थ्यो । तर जब मानिसहरूले आगोको आविष्कार गरे सामान्य खालको हतियार (औजार)को प्रयोग गर्न थाले त्यसपछि खानेकुराको लागि एक कबिला अर्को कबिलामाथि हमला गर्न थाले, खानेकुरा बचत गर्न थाले, पराजितहरूलाई दास बनाउन थाले, अनि बिस्तारै व्यक्तिगत सम्पत्तिको प्रार्दुभाव हुने वातावरण तयार हुन थाल्यो। समयक्रममा जुन कबिलासँग जति धेरै दास हुन्थे त्यो कबिलाको बढी खाद्यान्न क्षेत्रमा आधिपत्यको सुनिश्चितता हुन थाल्यो । यस क्रममा मानिसहरू अब बिस्तारै जङ्गली घुमन्ते जीवन त्यागेर एकै ठाउँमा खेतीपाती गरेर बस्न सक्ने स्थिति बन्दै गयो। धेरै दासहरू भएका सरदारहरूलाई महान् भन्न थालियो । यो क्रम सामन्तवादमा ठूल्ठूला राजा–महाराजा सम्राट् तथा महासम्राट्हरूले आफ्नो नाम अगाडि महान् शब्द राखेर विशेष गौरवान्वित हुन थाले ।

हाम्रो समाजमा आजसम्मको ज्ञात इतिहासमा कुनै पनि गरीब, शोषित, उत्पीडित सीमान्तकृत जनजातिको लागि महान् शब्द प्रयोग भएको पाइँदैन। प्रायः धर्मशास्त्रहरूमा महान् शब्दले ब्राह्मण समुदायका ऋषिमुनि महात्माहरूलाई सम्बोधन गरेको देखिन्छ । समाजभित्र राज्यको समेत प्रयोग गरी जबरजस्ती मान्न लगाइएको जात व्यवस्थाभित्र शूद्रहरूलाई सम्पूर्ण अधिकारबाट वञ्चित गरी मान्छेभन्दा पनि पशुको श्रेणीमा राखिएको पाइन्छ। यस क्रममा समाजको सबैभन्दा ठूलो हिस्सा महिलाहरूलाई समेत कुनै अधिकार दिइएन। जुनसुकै जातिको महिला भए पनि तिनीहरू अधिकारविहीन नै देखिन्छ। एउटा ब्राह्मण पुरुष बन्नको लागि उसले पाँचदेखि सात वर्षको उमेरमा वर्तबन्ध गर्नैपर्ने नियम बनाइयो जबकि त्यसैको परिवारको महिलालाई व्रतबन्ध गर्न दिइएन। ब्राह्मणलाई वेद, पुराण, उपनिषद्जस्ता धार्मिक ग्रन्थ पढ्नुपर्ने र पूजापाठ गर्नुपर्ने नियम बनाइयो । तर ब्राह्मण परिवारकै महिलालाई धार्मिक ग्रन्थहरू पढ्न दिइएन। यसरी महिलाहरू जुनसुकै जात वा वर्गको भए पनि तिनीहरूलाई दोस्रो दर्जाको नागरिककै रूपमा हेरियो। खासगरी महिलाहरूलाई भोग्नकै लागि ईश्वरले सृष्टि गरेको सुन्दर, कोमल, सुशील, लजालु जस्ता भाष्यहरूबाट परिभाषित गरियो । तर महिलाहरूलाई अधिकारविहीन बनाएर घरधन्दामा सीमित पारेर केवल पुरुषहरूको सुन्दर खेलौनाको रूपमा प्रयोग गरेको देखिएको छ ।

महिलाहरूमा भ्रम उत्पन्न गर्न दुर्गा, सरस्वती, काली, अप्सरा, मेनका, जगत जननी, मातृशक्ति आदि इत्यादि शब्दावलीले बेलामौकामा सम्बोधन गर्ने तर केटाकेटीदेखि नै नारीलाई तिमीहरू लडाकू बन्नुपर्छ, तिमी दुर्गाको रूप हौ, कालीको अवतार हौ, कहिले पनि अन्याय सहनुहुन्न भनेर प्रशिक्षित गरिएन। बरु यसको ठीक उल्टो तिमीहरू पतिव्रता बन्नुपर्छ, तिमीहरू सीताजस्तो पतिभक्त बन्नुपर्छ । तिमीहरूको आदर्श सीता नै हुन् भनेर प्रशिक्षित गरिन्छ। यहाँ एउटा प्रश्न उठ्छ के सीता आदर्श नारी हुन् त ?

रामायणभन्दा बाहिर कुनै सीमाको धार्मिक अस्तित्व भेटिंदैन। रामायणको सीताको असली बुबाआमा को हुन् त्योसम्म खोलाइएको छैन। अवैध सन्तान जन्माएर हिजोआज जसरी खेतमा फालिने गरेको घटना दिनहुँ छापाहरूको समाचार बनिरहन्छ ठीक त्यसैगरी सीता पनि राजा जनकले हलो जोत्दा खेतमा भेट्टाएर घरमा ल्याइएको हो । त्यो सीता जसलाई वनवासको सजाय भएको थिएन तर लोग्नेसँगै चुपचाप वनतिर जान्छे। त्यो सीता जसलाई बाऱ्ह वर्षको वनवासको क्रममा रावणले हरण गरेर लग्छ र युद्धबाट विजयी भएर राम फर्कंदा सीताको चरित्रमाथि शङ्का गरी अग्निपरीक्षा लिइन्छ । राम पुरुष हो । उनी पनि पत्नीविना त्यति लामो समय एकल जीवन बस्दा कुनै अग्निपरीक्षा दिनु पर्दैन तर सीता नारी भएकीले उनले अग्निपरीक्षा दिनुपर्छ । आफूमाथि यति ठूलो अन्याय हुँदा पनि एक शब्द नबोली चुपचाप आगोमा पस्ने सीता समयको अन्तरालमा एक दिन एउटा धोबीले लगाएको आरोपे थाहा पाएपछि सीतालाई वनवासको सजाय दिन्छन् । राम पुरुष हुन् र सीता नारी । राम भगवान्को रूपमा प्रस्तुत पात्र हुन् तर भगवान्जस्तो मर्यादित पुरुषको आफ्नै पत्नीप्रति कस्तो दृष्टिकोण छ त ?

हो, पुरुषहरूको यस्तो बर्बर अत्याचार सहने एक शब्द नबोल्ने सीताजस्ती हुनु भनी सबै आमाबुबाले आफ्नी छोरीलाई शिक्षा दिंदै आएका छन् । छोरीहरूलाई कमजोर बनाउने, उनीहरूको स्वतन्त्रतामा नेल र हत्कडी लगाउने तथा एउटा सुशील सुन्दर आज्ञाकारी दासको रूपमा पुरुषको अगाडि उभ्याउन जगको काम गर्ने धार्मिक चाडपर्वको रचना पुरुषहरूले गरे। यस्तै चाडपर्वमध्ये एक हो तीज ।

महिलाहरूको उमेर पुगेपछि रजस्वला हुनु प्राकृतिक कुरा हो तर त्यसलाई पापसँग, अपवित्रतासँग, अबुद्धिसँग जोडेर नारीले वर्षभरिमा गरेका पापहरू धोइपखाली शुद्ध हुन, आफूले चाहेको लोग्ने पाउन तथा आफ्नो पतिको सुस्वास्थ्य तथा दीर्घायुको लागि पानीसमेत नखाई व्रत बस्नुपर्ने, हाँस्नुपर्ने, नाच्नुपर्ने पर्वको नाम हो तीज । हाम्रो समाजको नसा–नसामा अन्धविश्वास र रूढिवाद भरिएको छ। यो भर्ने काम पनि पुरुषको सत्ता कायम राख्न तथा नारीको जीवन नर्क बनाउन राज्यसमेतको मिलेमतोमा धर्मले प्रमुख भूमिका खेलेको छ । नारीहरूलाई पूर्वजन्म तथा भाग्यवाद र चरम उपभोक्तावादी बजारवादी बनाएर अझैं सयौं वर्ष दासी बनाइराख्ने दिवासपना देख्दैछ पुरुष सत्ता । अनि यस्तो भयावह परिवेशमा आजको आधुनिक विज्ञान र प्रविधिको युगमा नारीहरूलाई भाग्यवाद र दासी जीवनबाट उम्किन नदिन मौलिक संस्कृति छोड्नु हुँदैन भन्ने उपदेश तिनै पुरुषहरू बिहानदेखि बेलुकासम्म विभिन्न सञ्चारमाध्यमहरूमा छाँटिरहेका हुन्छन् । अन्धविश्वास र रूढिवादिताले टुप्पीदेखि पाइतालासम्म जकडेको धार्मिक चाडपर्वहरूलाई महान् भन्ने भाष्य दासता र विभेदको परिचायक हो भन्ने कुरा घामजत्तिकै छर्लङ्ग हुन पुगेको छ ।

■■■

# अघि बढ्यो बूढीगण्डकी जलविद्युत् आयोजना, भयो कम्पनी स्थापना

काठमाडौं, १७ भदौ/रासस

लामो राजनीतिक गन्जागोल र नीतिगत अस्थिरताको भुमरीमा फसेको बूढीगण्डकी जलविद्युत् आयोजना प्रभावित क्षेत्र र आमनेपालीका लागि खुशीको खबर छ। अन्ततः बूढीगण्डकी जलविद्युत् पब्लिक लिमिटेड कम्पनी स्थापना भएको छ ।

कम्पनी रजिस्टारको कार्यालयले सो आयोजना निर्माणका लागि स्थापना भएको बूढीगण्डकी जलविद्युत् नामक पब्लिक लिमिटेड कम्पनी स्थापना गरिएको प्रमाणपत्र आज मात्रै ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई उपलब्ध गराएको छ ।

कम्पनी स्थापना गर्नेसम्बन्धी निर्णय भएको लामो समय भइसक्दा पनि प्रक्रिया अगाडि नबढेको भन्दै चौतर्फी चासो व्यक्त भएको थियो । केही दिनअघि ऊर्जा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा पनि ऊर्जामन्त्री पम्फा भुसालले केही प्राविधिक काम बाँकी रहेकाले कम्पनी स्थापनामा समय लागेको बताएकी थिइन्। आमनेपाली र आयोजना प्रभावितको चाहना बमोजिम नै अब भने आयोजना कम्पनी मोडलमा त्यो पनि नेपाली लगानीमा नै निर्माण हुने वातावरण बनेको टिप्पणी गरिएको छ।

सरकारले गत असार १४ गते सो आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको बूढीगण्डकी जलाशययुक्त आयोजना कम्पनी मोडलमा निर्माण गर्नका लागि सरकारले चालू आवको नीति तथा कार्यक्रम र बजेटमा समेत प्रबन्ध गरेको छ।

कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना स्वदेशी लगानीमा निर्माण गर्ने कि विदेशी कम्पनीलाई दिने भन्ने सन्दर्भमा लामो समयसम्म ठोस निर्णय हुन नसक्दा प्रक्रिया अगाडि बढ्न सकेको थिएन । कम्पनी रजिस्टारको कार्यालयले कम्पनी दर्ता भएको प्रमाणपत्र उपलब्ध गराएपछि ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री भुसालले सार्वजनिकरूपमा भन्दै आएको एउटा प्रतिबद्धता पूरा भएको छ। उनले बूढीगण्डकी जलविद्युत् आयोजना कम्पनी ढाँचामा नै निर्माण हुने र अधिकतम पूँजी स्वदेशकै परिचालन गरिने बताएकी थिइन् ।

सरकारले शेयर संरचनासमेत तयार पारेर कम्पनी मोडलमा निर्माण गर्नेगरी आवश्यक निर्णय गरेपछि आयोजनाका पक्षमा सकारात्मक माहोल खडा भएको थियो। सन् २०१४ मा फ्रान्सेली कम्पनी ट्र्याक्टबेलले सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको थियो। सरकारले हालसम्म आयोजना प्रभावितका लागि मात्रै रु ४० अर्ब बराबरको मुआवजा वितरण गरिसकेको छ ।

यस्तै, आयोजनाका लागि भनेर नै पूर्वाधार कर लगाएर नेपाल आयल निगममार्फत रु ७० अर्बभन्दा बढी सङ्कलन गरेको थियो । पछिल्ला दिनमा भने सो कर उठाउन बन्द गरिएको छ । लामो समयसम्म चिनियाँ कम्पनी गेजुवाले होल्ड गरेर राखेको सो आयोजना वर्तमान सरकारले स्वदेशी लगानीमा नै निर्माण गर्ने निर्णय गरेको थियो । धादिङ र गोरखाका साबिक २७ गाविसका झन्डै ५० हजार मानिस प्रभावित हुने सो आयोजना नेपालको ऊर्जा सुरक्षाका लागिसमेत महत्त्वपूर्ण मानिएको छ ।

बढी बिजुली माग हुने काठमाडौं, पोखरा, नारायणगढलगायतका लोड सेन्टरनजीकको सो आयोजना चर्चा शुरू भएको लामो समयसम्म पनि प्रक्रिया अगाडि बढ्न सकेको थिएन। कम्पनीको सञ्चालक समिति सातजनाको रहने व्यवस्था गरिएको छ। त्यसमा सरकारका तर्फबाट तीनजना, ऊर्जा मन्त्रालयका सचिव, ऊर्जा र अर्थ मन्त्रालयका एक/एक राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक र स्वतन्त्र सञ्चालक रहने व्यवस्था गरिएको छ । स्वतन्त्र सञ्चालकमा एकजना महिला अनिवार्य गरिएको छ। संस्थापक सञ्चालकबाहेक अन्य सञ्चालकको कार्यकाल पाँच वर्षको हुनेछ ।

**यस्तो छ कम्पनीको पूँजीको संरचना**

कम्पनीको अधिकृत पूँजी रु ६० अर्ब बराबरको हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु १०० का दरले कुल ६० करोड कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीको तत्काल जारी पूँजी रु २० अर्ब बराबरको हुनेछ । कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु १० अर्ब बराबर रहनेछ। कम्पनीमा अर्थ मन्त्रालयको २५ प्रतिशत बराबरको शेयर हिस्सा रहनेछ । त्यो भनेको १५ करोड कित्ता बराबर रहनेछ।

यस्तै, ऊर्जा मन्त्रालयको ४० प्रतिशत बराबरको शेयर स्वामित्व रहनेछ। त्यो भनेको कुल २४ करोड कित्ता बराबर रहनेछ। प्राधिकरणको १४ प्रतिशत शेयर रहनेछ । त्यो भनेको आठ करोड ४० लाख कित्ता, विद्युत् उत्पादन कम्पनीको एक प्रतिशत अर्थात् ६० लाख कित्ता रहनेछ । त्यस्तै, स्थानीयवासीको १० प्रतिशत अर्थात् छ करोड र सर्वसाधारणको पनि समान छ करोड कित्ता बराबरको शेयर रहनेछ ।

त्यसअघि ऊर्जा मन्त्रालयले प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनीयरिङ कम्पनीलाई आयोजनाको लागतलगायतका पछिल्लो अवस्थाका

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ | २०७९ भदौ १८ गते शनिवार | 2022 September 03 Saturday



## ओझेलमा परेको सर्लाहीको शिवनगर पुग्दा


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


आनन्दको खोजी मानिसले अनेक किसिमले गर्दछन् । मलाई लाग्दछ सन्तुष्ट हुनुका आफ्नै आधारहरू हुन्छन् । त्यही आधारले अलिकति बढी सन्तुष्टि दिंदा मानिस खुशी हुँदा रहेछन्, आनन्दित हुँदा रहेछन् । त्यही आनन्द पाउनको लागि मानिस सम्भवत: आधारको आकारमा वृद्धि गर्न खोज्दा रहेछन् ।

म यायावर त होइन, तर यस प्रवृत्तिको केही झल्को भने ममा पाइन्छ । स्वमूल्याङ्कन हो यो । घुम्न मन पर्छ र कहिलेकाहीं आसपास नै भए पनि घुम्न निस्कन्छु । कहिलेकाहीं केही घण्टाको लागि निस्कन्छु भने कहिलेकाहीं केही दिनको लागि । कहिले कामको भारीले थिचिएर अलिकति आराम गर्न डुल्न निस्कन्छु त कहिले कामबाट पन्छिन पनि यायावर बनेको हुन्छु । कहिले त एक पन्थ दुई काज गर्न पनि यात्रारत हुन्छु ।

यात्रामा नयाँपन भएन भने यात्राको आनन्द सन्तोषजनक हुँदैन । यात्राले त सन्तोष पनि दिनुपर्‍यो नि ! हो, यात्राको




तस्वीर: लेखक

उद्देश्य अनुसार सन्तुष्टि प्राप्त हुन्छ ।

आज बुधवार हो । भदौ महीनाको तेस्रो बुधवार, १५ गते परेको छ २०७९ सालको । बिहान अलिकति पानी परेको छ तर काम लाग्नेगरी भने होइन । सर्लाही पुग्नु छ । सर्लाहीको बरहथवामा एकजना प्रमोद झासित एक छिन बरहथवाको इतिहासबारे छलफल गर्नुछ । त्यसपछि गोडैता बजारमा एक जनासित बज्जिका भाषा र साहित्यबारे केही छलफल गर्नुछ । अनि मलङ्गवा पुगेर होटलमा खाना खाई बज्जिका साहित्यकार रामचन्द्र महतो कुशवाहासित बज्जी साहित्यिक त्रैमासिकबारे सल्लाह गर्नुछ । उहाँ यस त्रैमासिकका प्रकाशक सम्पादक हुनुहुन्छ । मलङ्गवामैं उर्दू र हिन्दी गजलका अब्बल रचनाकार डा. वसी मिकरानीलाई भेट्नु छ । फर्कने बेला छतौनामा साहित्यकार मनमोहन सिंह मनोहरसित पनि संवाद गर्नुछ ।

बिहान सात बजे नै निस्कनुपर्ने हो तर चाडको दिन परेकोले साहित्यकार सारथि मित्र किशुनदयाल श्रीकृष्णलाई केही सांस्कृतिक कारणले घरबाट निस्कन ढिलो हुन्छ र करीब सवा आठ बजे निस्कन्छौं सर्लाही, बरहथवाको लागि । बरहथवाको इतिहास बुझ्न यो मेरो तेस्रो यात्रा हो । यस अघि एक दिन पूरै र अर्को एक दिनको आधा यसै विषयमा छलफल गर्न खर्च गरिसकेको छु । अलिअलि अवगत हुँदैछ । आजको गन्तव्यको पहिलो उद्देश्य बरहथवासम्बन्धी जानकारी राख्ने भनिएका एक पात्रलाई भेट्नु र त्यसपछि दिनभरिको समय बज्जिका भाषा र साहित्यसित सम्बन्धित व्यक्तिको सान्निध्य प्राप्त गर्नुछ ।

किशुन सर र म हुँदा व्यक्तिगत र पारिवारिक कुराकानी निकै कम हुन्छ । एक दोस्राका परिवारका सदस्यहरूको स्वास्थ्यप्रति बढी चासो हुन्छ । खेतीपातीको विषयमा पनि कहिलेकाहीं अलिकति गफगाफ भइहाल्छ तर स्थायी गफ भनेको बज्जिका भाषा र साहित्य नै हो । अहिले यस्तै गफसँगै बाइक हुइँकिदैं छ समनपुर हुँदै बरहथवातर्फ ।

पहिले मनमा आएको थियो बरहथवा ठूलो कि गरुडा ? अनिसँगै उम्रेको प्रश्नको टुसो हो – गरुडा बजार पहिले कि बरहथवा ? एकपटक त समनपुर र बरहथवाको जन्मको विषयमा पनि तुलनात्मक प्रश्न नउठेको होइन तर समनपुर त हजारौं वर्ष पुरानो इतिहास बोकेको ठाउँ हो । बरहथवा भने मेरो लागि अन्धकारमा छ किनभने गरुडाको इतिहास मेरो अगाडि घामझैं छर्लङ्ग छ ।

बरहथवाको इतिहासबारे प्रमोद झा सरसित कुराकानी गर्नुछ भन्ने विषयमा किशुन सरलाई अलिकति पनि जानकारी छैन । बरहथवा पुगेर प्रमोद सरसित भेट्छौं, उहाँको घरमा चिया खान्छौं । राम्रो सत्कार र उत्साहपूर्वक गफगाफ हुन्छ । त्यहाँको लागि आधा घण्टा समय छुट्याएको थिएँ, त्यत्ति पूरा हुन्छ । झा सरको हार्दिकतालाई सम्मान गर्दछौं र त्यहाँबाट सोझै निस्कन्छौं मलङ्गवातर्फ । बीचमा गोडैता बजारमा जसलाई भेट्नुपर्ने हो, त्यो अब फर्किंदा सम्भव हुन्छ भने मात्र, किनकि मलङ्वा भने नपुगी भएको छैन । सोचेभन्दा समयले छिटो बाकटे हानेको छ ।

फर्किने बाटोमा नै लक्ष्य हुन्छ भने जाँदा बरु समयको बचत गर्ने र भनिएको ठाउँमा तोकिएको समयमा पुग्दा राम्रो । गोडैतामा कोहीसित समय लिइएको छैन तर मलङ्गवामा त भनेको छु : हामी दुई जना ११ देखि १२ बजबीच आइपुग्छौं । यसरी तोकेर कसैलाई समय दिएपछि, परिस्थिति आफ्नो काबू बाहिरबाहेक पुग्नुपर्छ भन्ने मलाई लागेको छ । यसभन्दा पहिले खाना पनि खानु छ । खाना होटेलमैं खाने योजना छ ।

यसै परिस्थितिलाई मध्यनजर गर्दै बरहथवाबाट हीरापुर ब्यारेज पुग्छौं र गोडैता अहिले पुग्नुछैन भने सोझै पूर्वतिर हानिन्छौं एकजनालाई सोधेर । यो हाम्रो पूर्व परिचित बाटो हो । धेरैपटक आवतजावत भएको छ । तुलनात्मक रूपमा सुगम पनि हो । जति सुगम भए पनि सर्लाहीमा रौतहटको जस्तो सडकको अवस्था छैन । त्यहाँको हकमा बाटो राम्रो छ भन्न सकिन्छ । ग्रावेल बाटो, ठाउँ ठाउँमा खाल्डाखुल्डी, कतै ठूलो ढुङ्गा त कतै बाटो काटेर पानी लगेको र यत्तिकै छोडिदिएको । बाइकले चाहेको गति लिन सक्ने अवस्था हुने कुरै भएन । यद्यपि हामीलाई धेरै हतार भइसकेको छैन ।

किशुन सरले शिवनगरको बाटो जान्छ भन्दा सुनेको त हुँ तर शिवनगर कहाँ पर्छ भन्ने थाहा छैन । सर्लाहीमा पनि शिवनगर छ र शिवनगर नाम शिवकै मन्दिरको नामबाट जुरेको हो भन्ने पनि बुझेको छु तर अहिलेसम्म पुगेको छैन । बाटैमा पर्छ भन्ने कुरा त अहिले पनि सुनें तर यो बाटोभन्दा भित्र हो कि कता हो वा त्यहाँ के कस्तो छ भन्ने बुझ्नेतिर मन गएन । दिमागमा केवल मलङ्गवामा आदरणीय रामचन्द्र महतो कुशवाहा सरलाई दिएको समयमा पुग्न पाइयोस् र उहाँसित अनेक विषयमा गर्नुपर्ने कुरालाई सार्थकता दिन सकियोस् भन्ने विचारको बादल मात्र मडारिइरहेको छ ।

हाम्रो यात्रा पूर्वाभिमुख छ । पाङ्ग्रा गुडिरहेका छन् । सानोतिनो गफगाफ चलिरहेको छ । दृश्यहरू आइरहेका छन्, पछाडि परिरहेका छन् । खेतमा अधूरो हरियाली लिएर धानको अनुहारमा निराशाजनक उत्सुकता छ । धानको मुन्टोले आकाश हेरिरहेको भान हुन्छ । बादलले केही देला कि भन्ने आशा धानलाई रहेको छ । वास्तवमा असारले तिर्खा मेटाउन सकेको छैन, साउनले त झन् तिर्खा बढायो । आधा भदौ बित्न लाग्दा पानीको अभावमा धानको बोटलाई जन्डिस लागेजस्तो छ । धेरै धानको अनुहार पहेंलो देखिएको छ । यात्रुहरूतिर हेर्दै धानले प्रकृतिले आफूमाथि गरेको अन्यायको अमूक बयान गरेको अनुभूति हुन्छ । धानको पीडाले मन व्यथित नहुने कुरै भएन ।

मेरै एउटा खेतमा नहरको पानी यति धेरै छ कि धानलाई हानि गरिरहेको छ । अर्को खेततिर भने धानमा गरिएको सम्पूर्ण लगानी खेर जाने परिस्थिति आइसकेको छ । कठ्ठाको झन्डै एक हजारको दरले अहिलेसम्म खर्च भइसकेको छ तर धान उब्जने छाँटकाँट भने छैन । तर अहिले हामी यात्रारत फाँटतिर भने धानको अवस्था मध्यम नै रहेको छ । आकाशे पानी नपर्दा अपेक्षा गरेजस्तो नहरको पानी लाग्ने ठाउँमा पनि धान छैन ।

फाट्टफुट्ट घरहरूलाई छिचोलिरहेका छौं । मानिसहरू अहिले धानको खेततिर देखिएका छैनन् । यसको अर्थ हो गाउँमैं छन् । आजको मौसम त्यति धेरै घमाइलो छैन । तैपनि किसानलाई अहिले खासै काम छैन । यही भावना लिएर अगाडि बढ्दै गर्दा देब्रेतिर एउटा मन्दिर देख्छौं, आकर्षक । अन्य मन्दिरहरू पनि देखिन्छन् । मूल मन्दिरजस्तो लाग्नेमा लेखिएको देख्छु : शिवनगर । अनि दुवै हातले किशुन सरको काँध थिच्दै भन्छु : रोक्नुस् किशुन सर, शिवनगरको मन्दिर हेरौं । (क्रमश:)

## “चलीं इयारजी घरे”

“ए इयारजी ! हउ मुद्दा मोकदमा के फैसला का भइल ? काल्हुवे नु फैसला होखेवाला रहे, ना ?” अर्थात् “ए साथी भन्नुस् न, उक्त मुद्दाबारे फैसला के भयो ? हिजै फैसला हुनेवाला थियो, होइन र !” खेतको आलीमा बसेर पानीविना जलिरहेको धानबालीको पीडामाझ कृष्णले सुदामासँग सुदामामाथि परेको मुद्दाको फैसलाबारे जान्ने जिज्ञासा प्रकट गरे । घटनाबारे कृष्णलाई थाहा थियो । यद्यपि फैसलाको दिन पत्नीको उपचारको लागि काठमाडौं गएकाले अन्तिम नतीजा थाहा थिएन ।

कृष्ण र सुदामा एकअर्कालाई लत्ताकपडा आदानप्रदान गरी बाल्यकालमैं विधिपूर्वक ‘इयारजी’ अर्थात् मित बनेका थिए । उनीहरू एकअर्काको दु:खसुखमा सधैं साथ हुन्थे ।

सन् १९८० को दशकमा रिलिज भएको हिन्दी फिल्म दोस्तानाको “बने चाहे दुश्मन जमाना हमारा, सलामत रहे दोस्ताना हमारा” गीतको मर्म आज अपवादबाहेक लुप्तप्राय: छ । वर्तमान परिवेशमा सामाजिक सञ्जालमार्फत एकले मित्रताको अनुरोध पठाउने र अर्कोले तुरुन्तै स्वीकार गर्ने प्रणाली मित्रताको पर्यावाची कदापि बन्न सक्दैन । उहिले एकअर्काको अनुहार मिल्दोजुल्दो भएमा वा आचारविचार र व्यवहार मिलेमा मित बन्ने चलन थियो । लत्ताकपडा आदानप्रदान गरी विधिपूर्वक मित बनिन्थ्यो । मित बन्नु जति सजिलो छ, निर्वाह गर्नु उत्तिकै कठिन । उहिले मित बनेपछि एकअर्काको दु:खसुखमा साथ दिने मानसिकता स्वस्फूर्त अङ्कुरित हुन्थ्यो । मित्रता आजको जस्तो नाफा र नोक्सानमा आधारित थिएन ।

०००


फैसलाबारे घटनाका भुक्तभोगी साथी सुदामाले बताइरहँदा कृष्णाको आँखा रसाउन थालेको थियो । सुदामाले आँसु नदेखून् भनेर उनी कहिले धानबाली त कहिले आकाशतर्फ हेर्थे । केही बेरपछि धानबालीको बियोग ओझेल भई घटनाको कथा-व्यथामा उनीहरू घोत्लिए ।

सुदामा एकजना व्यवसायीको पसलमा नियमित दूध पुर्‍याउँथे । उनले एकाध गाई पालेका थिए । दूध र दही बिक्री गरेर खेतीपातीको लागि बीउ र मलखादसँगै थोरै भए पनि उनको आर्थिक परिपूर्ति हुन्थ्यो । घरगृहस्थी चल्थ्यो । एक दिनको कुरा हो, व्यवसायीले सधैं विश्वास गरेर दूध लिए पनि यसपटक जाँच गर्नुपर्छ भन्ने कुरा गरे । सुदामाले हुन्छ भने ।

व्यवसायीले जब दूध तौल गरे, तब तौल अलि कम भयो । व्यवसायी आक्रोशित भए । तथानाम सुनाए । वर्षौं देखि दूध लिइरहेकोले त्यति बराबरको क्षतिपूर्तिको दाबीसहित व्यवसायीले मुद्दा दायर गरे । मुद्दा अदालतसम्म पुग्यो । सुदामालाई न्यायाधीश समक्ष पेश गरियो । कृष्णलाई यहाँसम्म सबै कुरा थाहा थियो । त्यस कारण अन्तिम फैसला के भयो भन्न कृष्णले सुदामासँग आग्रह गरे ।

सुदामाले आदालतमा भएको बहस


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


सविस्तार सुनाउँदै भने–“न्यायाधीशले प्रश्न गर्न थाले ।” उनले सोधे, “तपाईंले दूधको तौल गर्न के प्रयोग गर्नुहुन्छ ?” मैले जवाफ दिएँ–“श्रीमान्, मसँग तौल्ने साधन छैन । यद्यपि म दूध तौलेर वहाँलाई दिन्छु ।” न्यायाधीशले अचम्म मान्दै सोधे “जब तपाईसँग तौल गर्ने साधन नै छैन भने दूधको तौल कसरी गर्नुहुन्छ ?”

मैले जवाफ दिएँ–“श्रीमान् उहाँ एक व्यवसायी हुनुहुन्छ । लामो समयदेखि म उहाँको पसलबाट पिना खरीद गर्दै आइरहेको छु । वहाँले सधैं मलाई अढाई किलो पिना दिनुहुन्छ र म वहाँलाई सोही पिनाको वजनको दुई गुणा दूध दिंदै आएको छु । महीनाको अन्त्यमा हिसाब किताब गरेर पैसाको लेनदेन गरिन्छ । यो जवाफ सुनेर व्यवसायी छक्क परे ।” सुदामाले आफूलाई मुद्दामा जितको खुशी भन्दा व्यवसायीले आफूसँग छलकपट गरेकोप्रति बढी दु:ख लागेको भावना व्यक्त गरे ।

अघिदेखि ध्यानपूर्वक सुनिरहेका साथी कृष्णले भने–“हामीले हाम्रो जीवनमा अरूलाई छल, दु:ख, इमानदारी, फूट वा वफादारी जे दिन्छौं, त्यहीं पाउँछौं ।” कुरैकुरामा उनीहरूलाई समय बितिको पत्तै भएन । सूर्यको प्रकाश बिस्तारै कडा हुँदै गइरहेको थियो ।

०००

सधैंझैं आज पनि कृष्ण र सुदामा आआफ्नो खेत हेर्न सरेहमा गएको बेला भेट भएका थिए । मल र पानीविना जलिरहेको धानबालीको अवस्था देखेर मानौं धानबाली होइन, उनीहरूको हृदय जलिरहेको थियो । उनीहरूसँग कृषि कार्य गर्ने उपक्रमसँगै श्रम गर्ने क्षमता असीम थियो । तर त्यतिले मात्र कृषि कार्यको प्रतिफल प्राप्त गर्न सकिंदैन्थ्यो । श्रम गर्ने क्षमता जति भए पनि सिंचाइको सुविधा, बीउ र मलको उपलब्धता समयमा नभएसम्म कृषि क्षेत्रबाट उचित उब्जनी लिन नसकिने कुरा गरिरहेका थिए । कृषिकार्यको लागि आवश्यक प्रमुख संसाधन नै सरकारमा निर्भर छ । त्यसका लागि सरकारको मुख ताक्नुको विकल्प छैन । उनीहरूले किसानको मर्म र सरकारको रवैयालगायत दु:खसुखका विविध कुराहरू खेतको आलीमा बसेर एक अर्कासँग साझा गरिरहेका थिए ।

उनीहरूले साउनको पहिलो साता धान रोपेका थिए । भदौको १८ गतेसम्म धान रोपेको झन्डै डेढ महिना भइसकेको थियो । बाल्यकालबाट युवा अवस्थामा प्रवेश गरिरहेको धानबालीलाई पानी र मलखादको आवश्यकता थियो । पेट भर्ने देखि औषधि उपचार तथा बालबच्चाहरूको शिक्षा आदि अन्नबालीको उब्जनीमा निर्भर थियो । बाली नभए जीवन निर्वाह कसरी हुन्छ ? भन्ने पीडाले उनीहरूलाई पिरोलिरहेको थियो ।

०००

प्रत्येक वर्ष जलस्रोत तथा सिंचाइ विभागमार्फत सरकारले अरबौं रुपियाँ खर्च गरिरहेको छ । पर्सा, बारा र रौतहटको कुरा मात्र गर्ने हो भने सिंचाइको लक्ष्य पूरा गर्न नारायणी सिंचाइ आयोजना तथा भूमिगत सिंचाइ कार्यालय आदि सरकारी अङ्ग अस्तित्वमा छन् । तर सिंचाइ प्रणाली किन प्रशंसायोग्य छैन ?

गण्डक नहरको मरम्मत-सम्भार तथा टयुबवेल जडान आदि कार्यमा प्रत्येक वर्ष रकम खर्च भइरहेको छ । यद्यपि किसानहरूले समयमा पानी नपाउनुभन्दा दुर्भाग्यपूर्ण अवस्था अरू के हुन सक्छ ? करोडौं खर्च गरी प्रत्येक वर्ष जडान भइरहेका ट्यूबवेलको पानीले कति हेक्टर जमीन सिंचाइ हुँदो हो ? अझ कति सङ्ख्यामा ट्यूबवेल जडान भए खेतीपातीको लागि पानीको अभाव हुने छैन ? खेतीयोग्य जमीनको तथ्याङ्क हुँदाहुँदै पनि कहिलेसम्म वा कति वर्षभित्र सिंचाइ प्रणालीको दुरवस्था र मलको अभाव हल हुन सक्छ ? लगायत विषयमा गम्भीर हुनु आवश्यक छ । सिंचाइ, बीउ र मल आदिको अभावले युवा पुस्ता कृषि कार्य प्रति आकर्षित नहुनुको विविध कारणहरू मध्ये यो पनि एक हो ।

किसानको लागि खेत नै सदन हो, जहाँ किसानहरू आलीमा बसेर कृषि र घरायसीलगायत विविध अन्तर्विरह एकअर्कासँग साटासट गर्ने गर्दछन् । सदनको सुरक्षार्थ खटेका सुरक्षाकर्मीझैं आली खेतको सुरक्षा कवच हो । सदनमा सभामुख, प्रधानमन्त्री, मन्त्री र सन्त्री देखि सबै तहका प्रतिनिधिहरूको प्रतिनिधित्व भएझैं आलीको सुरक्षा घेरामा अन्नबाली विराजमान हुन्छ । खेतको सिमानाको सुरक्षासँगै सिंचाइ गर्दा पानीलाई घेरेर खेतमा राख्छ । पक्ष र विपक्षले सदनमा ताली ठोकेझैं हावाको दिशामा धानबाली यताउति हल्लिरहेको हुन्छ ।

०००

कृष्ण र सुदामाले धानबालीको कुरा गरिरहँदा लाग्थ्यो धानबालीले पानी र मलको अभावले आफू जलिरहेको पीडा उनीहरूसँग व्यक्त गरिरहेको थियो । किसानको सदन अर्थात् खेत कहिल्यै किसानसँग छलकपट गर्दैन । उसलाई जे आवश्यक छ, त्यो समयमा पूर्ति गर्ने हो भने खेतले उब्जनी नदिने कुरै हुँदैन । कृष्णले सुदामासँग भने–“चलीं इयारजी घरे । घाम बहुत कडा बा ।” उनीहरूको पीडा सरकारले नबुझे पनि शायद प्रकृतिले बुझिसकेको थियो । त्यसैले बिहीवारदेखि पानी परिरहेको छ ।

■■■

लघुकथा

## कमिशन

**-बैधनाथ ठाकुर**

एक्स–रेबाट यसपालि जम्मा ३२ हजार, ल्याबबाट ४७ हजार तथा सरकारीबाट निजीमा बिरामी पठाएबापत २१ हजार रुपियाँ मात्रै कमिशन पाएकोमा डा प्रधानले आफ्नो सहायकलाई हपार्दै भने– यिनीहरूभन्दा नयाँ खुलेको जनता अस्पताल र सुविधा ल्याबले बढी कमिशन दिने भनेकाले अब बिरामीहरूलाई उतै पठाउने गर ।”

दश पेटी (लाख) श्रेष्ठ एन्ड महतो कैरियर्सले कमिशनबापत पठाएकोले यिनीहरूको गाडी भन्सारमा एक हप्ता चेकजाँच नगर्नु भनी आएको आइजी कार्यालयको आदेश चौकी इन्चार्ज चौधरीले जवानहरूलाई सुनाउँदै थियो ।

विधि प्रक्रिया जे भएपनि यसपालि सडक तथा भौतिक आवासको चार अर्बको टेन्डर कालोसूचीमा रहे तापनि ४० प्रतिशत कमिशन दिने आन्तरिक सहमति भएकोले महेन्द्र एन्ड कम्पनीलाई नै दिनू, मन्त्रालयको मौखिक आदेश जसरी पनि तामेल गर्नू । – वीरगंज

# द्रोण पर्व-९१

तपाईं गुरुसित युद्ध गर्न छाडेर राजा दुर्योधनसित युद्ध गर्नुहोस् । राजाले राजासित नै युद्ध गर्न उचित हुनेछ । अतः तपाईं हात्ती, घोडा र रथसेना लिएर त्यहीं जानुहोस्, जहाँ मेरो सहायताबाट भीमसेन र अर्जुन कौरवहरूसित युद्ध गरिरहेका छन् । भगवान्‌को कुरा सुनेर धर्मराजले अलिकबेर मनमनैमा विचार गरे, अनि तत्कालै जहाँ भीमसेन थिए, उतैतिर गए ।

धृतराष्ट्रले सोधे- सञ्जय, पाण्डवहरूले हाम्रो सेनाको मन्थन गरेर सम्पूर्ण सैनिकको शक्ति क्षीण पारेर सबैजना त्यस घोर अन्धकारमा डुबिसकेपछि तिमीहरूले के सोच्यौ । दुवै सेनाले कसरी प्रकाश पाए ?

सञ्जयले भने-महाराज, दुर्योधनले सेनापतिहरूलाई आज्ञा दिएर जति सेना मर्नबाट बाँचेका थिए, उनीहरूलाई व्यूहाकारमा उभ्याए । त्यसमा सबैभन्दा अगाडि थिए, द्रोण र उनको पछि थिए शल्य, अश्वत्थामा, कृतवर्मा तथा शकुनि र स्वयम् राजा दुर्योधन चारैतिर डुलेर त्यस रात्रिमा कौरवसेनाको रक्षा गरिरहेका थिए । उनले पैदल सैनिकहरूलाई आज्ञा दिए कि तिमीहरू हातहतियार राखेर हातमा मशाल उचाल । सैनिकहरूले प्रसन्नतापूर्वक यस राजाज्ञाको पालना गरे । कौरवहरूले प्रत्येक रथको छेउमा पाँचवटा, प्रत्येक हात्तीको छेउमा तीन/तीन वटा र प्रत्येक घोडाको छेउमा एक/एक प्रदीप्त मशाल राखे । पैदल सैनिकहरूले हातमा तेल र मशाल लिएर दीपकहरूलाई बालिरहेका थिए । यस प्रकारले तपाईंको सम्पूर्ण सैनिकमा क्षणभरिमैं उज्यालो भयो ।

हाम्रो सेनालाई यस प्रकार दीपकको प्रकाशले उज्यालो भएको हेरेर पाण्डवहरूले पनि आफ्ना पैदल सैनिकहरूलाई तत्काल दियो बाल्ने आज्ञा दिए । उनीहरूले प्रत्येक रथको छेउमा दश/दश वटा र प्रत्येक हात्तीको छेउमा सात/सात वटा दीपकको प्रबन्ध गरे । दुई/दुई वटा दीपक घोडाको पिठ्यूँमाथि, एकवटा दीपक रथको ध्वजामाथि र दुई/दुई वटा दीपक रथको पछिल्लो


महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

भागमा बालिए । यसै प्रकार सम्पूर्ण सेनाको अगि-पछि तथा दायाँ-बायाँ तथा बीच-बीचमा पनि पैदल सैनिक बलिरहेको मशाल हातमा लिएर डुलिरहेका थिए ।



यस्तो प्रबन्ध दुवै सेनामा भयो । दुवैतिरको दीपकको प्रकाश पृथ्वी, आकाश र सम्पूर्ण दिशामा फैलियो । स्वर्गसम्म फैलिएको त्यस महान् आलोकबाट युद्धको सूचना पाएर देउता, गन्धर्व, यक्ष, सिद्ध र अप्सराहरू पनि त्यहाँ आइपुगे । यता युद्धमा मरेका सेनाहरू सोझै स्वर्गतिर लागिरहेका थिए । यस प्रकार स्वर्गवासीहरूको ओहरदोहरबाट त्यो रणभूमि देवलोकझैं लागिरहेको थियो ।

सञ्जयले भने- महाराज, जुन स्थान पहिला धूलो र अन्धकारबाट आच्छनन भइरहेको थियो, त्यो प्रकाशबाट आलोकित हुन पुग्यो । रत्नजडित सुनको दियरख (दियो राख्ने स्थान विशेष)माथि सुगन्धित तेल भरिएका हजारौं दीपक जगमग गरिरहेका थिए । जुन प्रकार असङ्ख्य नक्षत्रहरूबाट आकाश सुशोभित हुन्छ, त्यसै प्रकार दीपमालाबाट त्यहाँ रणभूमि शोभायमान भइरहेको थियो । त्यति बेला हात्तीसवार हात्तीसवारसित र घोडचढीहरू घोडचढीहरूसित भिडे । रथीहरूको रथीहरूसित मुकाबला हुन थाल्यो । सेनाको भयङ्कर संहार आरम्भ भइसक्यो । अर्जुनले बडो फुर्तीका साथ राजाहरूको वध गर्दै कौरवसेनाको विनाश गर्न थाले ।

धृतराष्ट्रले सोधे- सञ्जय, अर्जुन क्रोधित भएर दुर्योधनको सेनाभित्र छिरेपछि दुर्योधनले के गर्ने विचार गरे ? कुन कुन वीरहरू अर्जुनको सामना गर्नको लागि अगि बढे ? आचार्य द्रोणले युद्ध गर्न लागेको बेला ककसले उनको पृष्ठभागको रक्षा गरिरहेका थिए ? को उनको अगि थियो ? र रथको दायाँ-बायाँ को को पाङ्ग्राको रक्षामा खटेका थिए ? मलाई सविस्तार बताऊ ।

सञ्जयले भने- महाराज, त्यस रात्रि दुर्योधनले आचार्य द्रोणको सल्लाह बमोजिम आफ्ना भाइहरू तथा कर्ण, वृषसेन, मद्रराज शल्य, दुर्द्धर्ष, दीर्घबाहु तथा उनीहरूका सबै अनुचरसित भने- तिमी जम्मैजना पूर्ण सावधान रहेर पराक्रम गर्दै आचार्य द्रोणको रक्षा गर । कृतवर्माले दक्षिणतिरको र शल्यले उत्तरतिरको पाङ्ग्राको रक्षा गरून् । यसपछि त्रिगर्त्त देशका महारथीहरूमध्ये जति बाँचेका थिए, ती सबैलाई तपाईंका पुत्र दुर्योधनले आचार्यको अगि रहने आज्ञा दिएर भने- वीरहरू हो, आचार्य द्रोण बडो सावधानीका साथ युद्ध गरिरहेका छन् । पाण्डवहरूले पनि बडो तत्परताको साथ उनको सामना गरिरहेका छन् । अतः अब तिमीहरू बडो सावधान रहेर महारथी धृष्टद्युम्नबाट आचार्य द्रोणको रक्षा गर । पाण्डवको सेनामा आचार्य द्रोणको सामना गर्न सक्ने धृष्टद्युम्नभन्दा अन्य कुनै योद्धा देखा परिरहेको छैन । अतः धृष्टद्युम्नसित आचार्य द्रोणको रक्षा गर्नु नै सबैभन्दा ठूलो काम हो । क्रमशः...

# छाला एक कमजोर किल्ला

चर्म चक्षु नाक,जिह्वा, कान । ज्ञान के हैं ये इन्द्रियाँ जान ।

गुदा, मुख, यौनाङ्ग, पद और हाथ । ये हैं कर्मेन्द्रियाँ हमारे साथ ।


वाटिका

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**यो छाला नै हो, जसले पानी होल्ड गरेर राख्छ र यसमा व्यापक मात्रामा रक्तको मात्रा पनि हुन्छ । जलेको रोगीमा यही पानीको क्षति हुन्छ, जुन जलेको छालाको समानुपातिक पानी र इलेक्ट्रोलाइटको क्षति हुन्छ । त्यसैले जलेको छालाको क्षेत्रफल र गहिराइको गणना गरी त्यसको प्रतिशत निकालिन्छ ।**

क्षिति, जल, अग्नि, गगन और समीर । पंचतत्त्वों से है वना शरीर ।

ध्वनि, रस, रूप, गन्ध, स्पर्श । तनमात्रा हैं ये कहाते दोस्तो सर्वत्र ।

अहङ्कार, मन, बुद्धि, चित्त मिल चार । यही चौबीस तत्त्व जगत् के सार ।

उपरोक्त कविताको अर्थ यो हो कि छाला, आँखा, जिभ्रो, नाक र कानलाई ज्ञानेन्द्रिय तथा हात, खुट्टा, यौनाङ्ग, मुख र गुदालाई कर्मेन्द्रिय भनिन्छ । त्यस्तै, अग्नि, जल, माटो, हावा र आकाश मिलेर शरीर बनेको प्रायः सबैलाई थाहा छ । यसलाई पञ्चभूत भनिन्छ । ध्वनि, रूप, रस, गन्ध र स्पर्श ज्ञानेन्द्रिय होइनन्, ज्ञानेन्द्रियद्वारा ग्रहण गर्ने संवेदना हुन् । यसलाई तनमात्रा भनिन्छ । यसरी पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच भूत र पाँच तनमात्रा मिलेर २० हुन्छ । यसमा मन, बुद्धि, अहङ्कार र चित्तलाई मिलाउँछौं भने २४ हुन्छ । यिनै चौबीसलाई तत्त्व भनिन्छ, जसले शरीर वा सम्पूर्ण अस्तित्व बनेको छ । आधुनिक स्नायु वैज्ञानिकहरूले यसमा दुई कुरा अरू थप्छन्- भेस्टिवुलर र प्रोप्रायोसेप्सन । भेस्टिवुलर अपरेट्स कानमा हुन्छ, जसले हाम्रो गतिलाई सन्तुलनमा राख्छ । त्यसले काम गरेन भने मानिस चल्न, फिर्न सक्दैन । यसरी कान केवल सुन्ने मात्र इन्द्रिय होइन । सुन्ने र सन्तुलन बनाइराख्ने इन्द्रिय दुवै हो । प्रोप्रायोसेप्सनलाई छैटौं इन्द्रिय पनि भनिन्छ । प्रो माने अनुकूल, प्रायर माने पहिले, परसेप्सन माने ग्रहण वा महसूस गर्नु । मतलब कुनै कामको परिणामबारे पहिले नै महसूस गरी आफ्नोअनुकूल बनाउने निर्णय गर्ने शक्ति । यसले मानिस कुनै कुराको सटीक निर्णय गरेर आफ्नो भूमिकामा सफल हुन्छ । कसको प्रोप्रायोसेप्सन कति मजबूत छ, त्यसलाई एक रोचक प्रयोगले जाँच्न सकिन्छ । तेज गतिले घुमिरहेको वस्तुलाई जसले जति छिटो चिन्न सक्छ, उसको प्रोप्रायोसेप्सन पनि त्यति नै मजबूत मानिन्छ । यसको अलावा कोही कोहीले भोक र प्यास लाग्ने संवेदनालाई यसमैं जोड्छन् । जेहोस्, अब आउनुस् हामी आज २४ मध्ये यसको एक तत्त्व छालाको बारेमा विवेचना गरौं ।

मैले शीर्षकमा छालालाई एक कमजोर किल्ला भनेको छु । यसको कारण यो छ कि मृत्युको सम्पूर्ण कारणबाट यसले हामीलाई जोगाउन सक्दैन । भनिन्छ कि कमजोर किल्लाहरूलाई त अलेक्जेन्डर दी ग्रेटले सिढी लगाइ चढेर फतह गर्थे । हाम्रो छाला पनि त्यस्तै एउटा कमजोर किल्ला हो, जसमा सिढी लगाइ सूक्ष्म हुकवर्मले प्वाल पारेर आन्द्रामा छिर्छ र भयङ्कर रोग पैदा गर्छ । यसको अलावा लामखुट्टेजनित कुनै रोगबाट छालाले बचाउन सक्दैन । यसरी लामखुट्टे सिढी लगाउने अलेक्जेन्डर साबित हुन्छ । यसको अलावा भगवान्‌लाई यदि थाहा हुन्थ्यो कि मानिस स्वयं आफ्नो मृत्युको कारण बन्छ, तब शायद उनी कवचकुण्डलसहित कर्ण जस्तो मान्छे बनाउँथे । तर त्यस्तो छैन । मानिसले गोली बन्दुक बनाएर छालाको आरपार गर्ने मृत्युको औजार बनाएको छ । तापनि छाला एक कवच त हो नि जसले अर्बौं रोगाणुबाट हामीलाई अवश्य बचाउँछ, जसको अभावमा हामी एक मिनट पनि बाँच्न सक्दैनौं । यतिमात्र होइन, छाला नभएको भए हामी केवल मासु रहाडको भूत जस्तो नै देखिन्थ्यौं । यो छाला नै हो, जो एक अलग उपद्रवको कारण बन्छ । सौन्दर्य प्रतियोगिताको कारण मात्र होइन, बलात्कारको लागि सम्म आमन्त्रण गर्छ । उर्वशी, मेनका वा क्लियोपेट्रा वा प्रियङ्का चोपडा यदि कोही बन्छ भने त्यसको कारण केवल छाला हो । तिनको छाला उतारेर हेर्नुस् उनीहरूमा कुनै फरक देखिंदैन । यस्तो महत्त्वपूर्ण छालाको काम, कर्तव्य त हेर्नु हाम्रो कर्तव्य नै हुन जान्छ ।

छाला शरीरको सबैभन्दा ठूलो र वजनी अङ्ग हो । शरीरमा बाहिरी छाला र कलेजो नै यस्तो अङ्ग हुन्, जसले पूर्ण



रिजेनरेशनको क्षमता राख्छ । नर्भमा केवल पेरिफेरल नर्भ मात्र रिजेनरेट हुन्छ, सेन्ट्रल होइन । छालाको क्षेत्र २२ वर्गमिटर र वजन ५ किलो हुन्छ । आँखाको परेलामा यो सबैभन्दा पातलो ०.५ मिमी र पैतालामा सैबभन्दा मोटो पाँच मिमी हुन्छ । कपालको पछाडिको भागमा यो १.३८, साइडमा १.४८ र निधारमा १.७८ मिमी मोटाइको हुन्छ । कपालमा छालाको रौंको सङ्ख्या एक लाख हुन्छ । छालाको कोशिकाको आकार २५ देखि ४० माइक्रोमिटर हुन्छ । छाला सधैं झरिरहेको हुन्छ, सुत्ने बेलामा समेत छालालाई माइटले खान्छ अथवा कोठाको धूलो बन्छ । एक वर्षमा करीब चार किलो छाला झर्छ र बन्छ । बन्ने प्रक्रिया शिशुमा १४ दिन, किशोरमा २६ दिन, वयस्कमा ४२ दिन र बूढेसकालमा ८४ दिनमा पूरा हुन्छ । बूढेसकालमा छाला पातलो हुँदै जान्छ ।

**छालाको कामः** हाड, मांसपेशी र शरीरका अन्य अङ्ग हावामा झुन्डिएका हुन्छन् । छालाले ती सबैलाई होल्ड गरेर स्थिरता प्रदान गर्छ । छालाले पसिना बगाइ शरीरलाई ठन्डा र कम्पन गरेर तातो बनाउँछ । यसरी छालाले तापक्रमको रेगुलेशन गर्छ । सिवमले छालालाई तैलीय बनाउँछ । छालामा भएका मेलानोसाइट सेलले मेलानिन हार्मोन बनाएर छालाको रङ्ग निर्धारण गर्छ । यो छाला नै हो, जसले मुख्य व्यक्तित्वको निर्माण गर्छ र सौन्दर्य प्रदान गरेर प्रतियोगितामा विजयी बनाउँछ । शरीरको बोसो सबैभन्दा बढी छालामा नै जम्मा हुन्छ, जस कारण पेटको छालाको मोटाइ तीन सेमीसम्म पुग्न सक्छ । छालाले बोसोमा घुलनशील भिटामिनलाई पनि जम्मा गरेर राखेको हुन्छ । यसले सोडियम र युरिया आदिलाई बाहिर निकाल्ने काम पनि गर्छ । छालाले प्रचुर पानी पनि जम्मा गरेर राखेको हुन्छ र पसिना यसै पानीबाट स्वेद ग्रन्थिले प्राप्त गर्छ । छालाले कोलेस्ट्रोल नामक बोसोले सूर्यको किरणबाट प्रतिक्रिया गरेर भिटामिन डी-३ को निर्माण गर्छ । छालामा हाइली स्पेशलाइज्ड नर्भ सेल हुन्छन्, जसले स्पर्श, दुखाइ, भाइब्रेसन, प्रेसर आदिको अनुभव हामीले गर्छौं । अन्धो मानिसमा नर्भ सेल यतिसम्म विकसित भएको हुन्छ कि उसले केवल कसैको छालाको स्पर्शले नै कुनै पनि मानिसको पहिचान गर्न सक्छ । यतिमात्र होइन, भनिन्छ कि सीताको मूर्ति यज्ञमा राख्नको लागि एक अन्धो मानिस नै बनाएका थिए । छालाले नै हामीलाई अल्ट्राभ्वायलेट किरणको नोक्सानीबाट बचाउँछ ।

**छालाको बनावटः** यति पातलो छालाको पनि तीन भाग हुन्छः इपिडर्मिस, डर्मिस र हाइपोडर्मिस । कसैकसैले हाइपोडर्मिसलाई डर्मिसको नै भाग भन्छ किनभने यही छालाभित्रको बोसोको भाग हो । **इपिडर्मिस-** छालाको सबैभन्दा बाहिरको भाग जसलाई हामीले देख्न सक्छौं, त्यसलाई इपिडर्मिस भनिन्छ । यो हेर्नमा यति पातलो भएपनि यसमा पाँच परत हुन्छन् । **स्ट्रेटम कोर्नियम :** यो सबैभन्दा बाहिरको भाग हो, जुन प्रेसरले सधैं झरिरहेको हुन्छ र भित्रबाट बनेर फेरि आइरहन्छ । रौंको छिद्र यसैमा हुन्छ, जसबाट रौं बाहिर निस्केको हुन्छ । **स्ट्रेटम ल्युसिडम :** यस परतले नै छालाको चमक कायम हुन्छ । **स्ट्रेटम ग्रेन्युलोसमः** यसमा किरेटोमाइलिन नामक ग्रेनयुलहरू हुन्छन्, जस कारण यसको यो नाम राखिएको छ । **स्ट्रेटम स्पाइनोसम :** यसमा काँडा जस्तो भाग निस्केका हुन्छन्, जस कारण एक सेल अर्को सेल वा एक परत अर्को परतसँग टाँसिएका हुन्छन् । **स्ट्रेटम जर्मिनेसियम :** यसमा किरेटोनिसाइट नामक सेल हुन्छन्, जसले निरन्तर माइटोटिक डिभिजनले नयाँ सेलहरू बनाइरहन्छन् । नित्य करीब ४० हजार छालाका सेलहरू झर्छन् र नयाँ बन्छन् । यसको अतिरिक्त किरेटिनोसाइट सेलहरूको बीचबीचमा मेलानोसाइटका सेलहरू छरिएका हुन्छन्, जसले मेलानिन बनाउँछ । **डर्मिस :** यो इपिडर्मिसको तलको परत हो, जसमा कोलेजन फाइबर नामक तत्त्व हुन्छ, जसले पानीलाई होल्ड गरेर राख्छ । यसैमा कोलेजिनेज नामक इन्जाइम पनि हुन्छ, जसले छालाको घाउ भर्ने काम गर्छ । यसैमा हुन्छ **सुपरफिसियल पैपिलरी लेयर :** यो माथितिर जाने प्रोजेक्सन जस्तो सेल हुन्छ, जुन इपिडर्मिससम्म जान्छ । क्रोमेटोफोर नामक एक अर्को पिगमेन्ट पनि यसमा हुन्छ । यसमा रगत र लिम्फका कैपिलरीहरू हुन्छन् । **डिपर रेटिकुलर लेयर :** यसमा हेयरबल्ब र इरेक्ट्रोपाइली नामक ससाना मांसपेशी हुन्छन् । हेयरबल्बबाट रौं निस्कन्छन्, जुन जीवित हुन्छ तर बाहिर आएका रौंलाई जीवित मानिंदैन । त्यसैले रौं काटेपछि दुख्दैन तर उखेल्यो भने बल्बसम्म असर पुगेको हुनाले दुख्ने गर्छ । इरेक्ट्रोपाइली मांसपेशीको सङ्कुचनले नै जाडोमा वा भावुकतामा रौं खडा हुन्छ । यसको अतिरिक्त यसै परतमा स्वेद ग्रन्थि र सिवेसियस ग्रन्थि हुन्छन् । सिवेसियस ग्रन्थिले छालालाई तैलीय बनाइराख्ने काम गर्छ । छालाको प्रतिवर्ग इन्च यिनको सङ्ख्या २५०० देखि ६००० सम्म हुन्छ । यी ग्रन्थि प्युवर्टीसम्म क्रियाशील हुँदैनन् । प्युवर्टीको बेला सेक्स हार्मोनको सुरुआत भएपछि मात्र यो क्रियाशील हुन्छन् । शुरूशुरूमा यसले सेक्स हार्मोनसँग तालमेल मिलाउन नसकेर पिम्पल आदिको कारण बन्छ । तर एक/दुई वर्षमा तालमेल

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

आत्मा एउटा शाश्वत सत्य हो । यो कहिल्यै मर्दैन तर हरेक जीव योनीमा यसले धारण गरेको शरीरको मृत्यु हुन्छ । जन्म जस्तै शरीरको मृत्यु पनि सत्य हो । जसको जन्म भएको छ, उसको मृत्यु निश्चित छ । जुन जीवले जन्म लिन्छ, उसले त्यसै बेलादेखि नै मृत्यु पनि साथमैं लिएर आएको हुन्छ । जीव कुनै पनि बेला मर्न सक्छ । हरेक पलमा मृत्युको बोध अरू जीवलाई नभए पनि मानिसलाई चाहिं हुनुपर्छ । जीवको केवल शरीर मर्छ । जीवात्मा अमर छ, कहिल्यै मर्दैन । मानिसले जन्मँदा केही पनि लिएर आउँदैन र मर्दा पनि केही लिएर जाँदैन । यो शरीर माटोको मूर्ति हो । यो शरीरको मोह नगर्नु, जीवन एकक्षणको खेल हो आदि इत्यादि भनेर हामीलाई आजसम्म शिक्षा दिइँदै आइएको छ । तर आजसम्म पनि म किन मिहिनेत गरूँ सबैथोक भगवान्‌ले नै गरिदेलान् भनेर चुप लागेर बसेको मान्छे एकजना पनि भेटिएको छैन । मानिसको बसमा त आत्महत्या पनि हुँदैन । मानिसले आत्महत्या गर्नुको मुख्य कारण भावहरूलाई मानसिक विकारहरूको अग्निमा अति धेरै तताएर चिसिनै नदिएर आफ्नो मूल स्वभाव आनन्दमा फर्कन नसकेको कारणले हुने गर्छ ।

मानिस सृजनात्मक हुन्छ । सृजनात्मकता पनि आनन्दकै एउटा रूप हो । मानिसलाई मृत्युको बोध हुनु भनेको धेरै नै ठूलो कुरा हो । मृत्युको बोध हुनु भनेको सत्यको बोध हुनु हो । मृत्युको बोध हुनु भनेको धर्मको बोध हुनु हो । धर्मको बोध नभई कसैलाई पनि मृत्युको बोध हुँदैन । जब मानिसलाई मृत्युको बोध हुन्छ, तब उसले आफ्नो स्वभाव अनुसार उसले केही सृजनात्मक कार्य गरेर मात्र मर्न पाए हुन्थ्यो भन्ने सोच्न थाल्छ । उसले आफ्नो परिवारप्रति सकारात्मक विचार राख्नेछ । सबैप्रतिका सबै शिकायतहरू बिर्सनेछ । उसले निश्चय गर्नेछ कि आफ्नो परिवारसँग आनन्दपूर्वक बस्नु छ, बोल्नु छ, खिलखिलाउँदै हाँस्नु छ र उनीहरूको इच्छा पूरा गरिदिनु छ । यो अभ्यासलाई दोहोऱ्याउँदै जानेछ । यसको दायरालाई अझ फराकिलो पार्दै जानेछ । परिवार त्यसपछि समाज गर्दै बिस्तारै-बिस्तारै जब समस्त अस्तित्वसँग प्रेम गर्न सिक्नेछ, तब यो बानीबेहोराकै रूपमा विकसित हुनेछ । जब प्रेम हाम्रो प्रकृति बन्नेछ, तब हामी आफ्नै मूल स्वभावमा फर्किनेछौं । अब जीवनको आनन्द प्रतिदिन बढ्दै जानेछ, कहिल्यै कम हुनेछैन ।

कहिलेकाहीं केही मानिस धेरै महान् बन्ने गर्छन् । आफूलाई धेरै ठूलो आध्यात्मिक व्यक्तित्व सम्झन थाल्छन्, अरूहरूलाई ज्ञान बाँड्न थाल्छन् । ती तिनै व्यक्तित्वहरू हुन्छन्, जसले आफ्नो परिवारलाई ठीकसँग सम्हाल्न सक्दैनन् । परिवारका सदस्यहरूसँग उनीहरूको मेलमिलाप हुँदैन । परिवारसँगको सम्बन्ध नै मानिसको आध्यात्मिकता जाँच गर्ने कसी हो । चाहे त्यो परिवार सांसारिक होस् वा आध्यात्मिक । मानिसले आफ्नो परिवारको लागि स्वर्ग बनाउन सकिरहेको छ कि छैन, यो नै जीवनलाई जान्ने सर्वश्रेष्ठ तरीका हो । अरूसँग कसरी जीवनयापन गर्नुपर्छ भन्ने कुरा तपाईंले सिक्न सक्नुभएन भने सबै ठूला-ठूला कुरा, ठूला-ठूला तयारीहरू सबैथोक व्यर्थ हुन जान्छन् । परिवारबाट अलग रहनु, आफूलाई श्रेष्ठताको पहिरन पहिऱ्याइ अरूको विरोध गर्नु, अरूको कमजोरी औंल्याइ उनीहरूसँग दूरी बनाउनु आध्यात्मको चिह्न होइन, यो त पाखण्ड मात्र हो । सबैलाई आफैं जस्तो बनाउने इच्छा राख्नु, सबैलाई आफ्नै दृष्टिकोणले हेर्नु नै मानिसको सबैभन्दा ठूलो कमजोरी हो । जब मानिसले आफ्नो परिवारका सदस्यहरूलाई आफैं जस्तो बनाउन सक्दैन, तब तिनीहरूसँग नाता तोडिदिन्छ । उसले सोच्छ कि मलाई मेरो आत्मकल्याण गर्नु छ, त्यसैले म यिनीहरूबाट टाढै बस्छु । विश्वभरिका मानिसलगायत जीव, चराचर सबैको कल्याण गर्ने भाव र सबै जीवात्मालाई समान भाव राख्ने मानवले मात्र स्वर्गीय आनन्द यसै जुनीमा पाउन सक्छ । तर आफ्नो परिवारलाई समेत समभाव राख्न नसक्ने मानिसले कसरी आफूलाई आनन्द भावमा लैजान सक्ला । उसले आफूलाई रूपान्तरण गर्न चाहँदैन, उसले आफ्नो गलत सोचाइलाई परिवर्तन गर्न चाहँदैन । उसले आफैंलाई ठीक सोच्छ र भन्छ- मैले बिल्कुलै ठीक गरिराखेको छु, मैले गलती नै गरेको छैन भने म किन आफूलाई रूपान्तरण गरूँ । मेरा त परिवर्तन गर्न योग्य गुणहरू केही छैनन् । परिवर्तन त अरूले हुनुपर्छ । उनीहरूले मेरा धारणाहरूलाई मान्नुपर्छ । यस्ता यथास्थितिवादीहरूले यो मानव जुनीमा आनन्द प्राप्त गर्न सक्दैनन् ।

सूक्ष्मरूपले जीवनलाई केलाउने हो भने कम वा बेसी गलती सबैले गरिरहेका हुन्छन् । अरूलाई परिवर्तन हुनको लागि शिक्षा त सबैले सजिलै दिन्छन् । अरूलाई परिवर्तन गराउने कोशिश पनि धेरै गर्छन् । तर आफू स्वयंलाई परिवर्तन गर्न चाहँदैनन् । कहिलेकाहीं उसले सोच्छ, अब म पनि रूपान्तरण हुन्छु, म आफूलाई पनि रूपान्तरित गर्छु तर जागरणको अभावको कारणले गर्दा उसको त्यो निर्णय पनि साकार हुन नपाउँदै गर्भमैं तुहिन जान्छ । उसले आफूलाई बदल्न सक्दैन । यदि मानिसले म एकदम ठीक छु । मेरो विचार र धारणाहरू ठीक छन् भन्ने सोच आफूभित्रबाट हटाएर आफूलाई परिवर्तन गर्ने निश्चय गरेमा आफ्ना धेरै कुरा परिवर्तन योग्य पाउने छ । यो तरीका उसले जुन दिनदेखि अपनाउनेछ, त्यस दिनदेखि उसले आफ्नो जीवनमा आनन्द प्राप्त गर्दै जानेछ ।

क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## कोरियामा कोरोना सङ्क्रमण घटेन, भारतमा घट्दै

सोल, १७ भदौ/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठन (डबल्युएचओ)ले विश्वव्यापीरूपमा कोभिड–१९ सङ्क्रमण र कोभिडजन्य मृत्युदर घटेको बताए तापनि दक्षिण कोरियामा भने अघिल्ला दिनका तुलनामा कारोनाजन्य मृत्यु र सङ्क्रमण बढेको छ। यद्यपि अघिल्ला साताका तुलनामा भने सङ्क्रमण दरमा भने केही कमी आएको छ।




बिहीवार मध्यरातसम्म सार्वजनिक गरिएको विवरण अनुसार देशमा ८९ हजार ५८६ जना नयाँ सङ्क्रमित थपिएका छन्। हाल दक्षिण कोरियामा कोभिड–१९ सङ्क्रमितको सङ्ख्या दुई करोड ३४ लाख १७ हजार ४२५ पुगेको छ।

दक्षिण कोरियामा अघिल्लो दिन अर्थात् बुधवार सार्वजनिक भएको तथ्याङ् अनुसार ८१ हजार ५७३ जना नयाँ सङ्क्रमित थपिएका थिए। दक्षिण कोरियामा कोभिड–१९ सङ्क्रमणबाट ज्यान गुमाउनेहरूको सङ्ख्या बुधवारको तुलनामा बिहीवार घटेको छ। बुधवार कोरोना सङ्क्रमणको कारण ११२ जनाको मृत्यु भएको थियो भने बिहीवार ६४ जनाको मृत्यु भएको छ।

दक्षिण कोरियामा तत्काल यो महामारी साम्य हुने लक्षण देखिएको छैन। योसँगै कोरियामा कोभिड लागेर ज्यान गुमाउनेको सङ्ख्या २६ हजार ९४० पुगेको छ।

यसैबीच भारतमा एकै दिनमा छ हजारभन्दा बढीमा कोरोना सङ्क्रमण भएको छ। यहाँ २४ घण्टाको समयावधि अर्थात् बिहीवार मध्यरातिसम्म छ हजार १६८ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले शुक्रवार सार्वजनिक गरेको छ।

यसैसँगै भारतमा चार करोड ४४ लाख ४२ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन्। भारतमा एक दिनअगाडि अर्थात् बिहीवार प्रकाशित तथ्याङ्क अनुसार एक दिनमा सात हजार ९४६ जनामा सङ्क्रमण देखा परेको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ५९ हजार २१० रहेको छ। नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्।

२४ घण्टाको समयावधि बिहीवार मध्यरात अर्थात् कोरोना सङ्क्रमणबाट भारतमा २१ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना शुरू भएबाट हालसम्म पाँच लाख २७ हजार ९३२ भन्दा बढीको मृत्यु भएको छ।

भारतमा हिजो एक दिनमा नौ हजार ६८५ जना कोरोनामुक्त भएका छन्। यसैसँगै कुल चार करोड ३८ लाख ५५ हजार ३६५ जना कोरोनामुक्त भएका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयबाट हालसम्म दुई अर्ब १२ करोड ७५ लाख २३ हजार ४२१ भन्दा बढी मात्रा खोप लगाइएको छ। भारतमा कोरोना शुरू भएयता हालसम्म ८८ करोड ६४ लाख ६६ हजार २५५ जनामा कोरोना भाइरस परीक्षण भएको जनाइएको छ।

**पाकिस्तानमा चारजनाको मृत्यु**

इस्लामाबाद/सिन्ह्वा

पाकिस्तानमा बिहीवार थप २४२ जनामा कोभिड–१९ मा सङ्क्रमण भएको पुष्टि भएको छ। त्यसैगरी, बिहीवार थप चारजनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार सङ्क्रमितमध्ये ११५ जनाको अवस्था गम्भीर छ। रासस

## अफ्रिकाको शान्ति र सुरक्षामा सुधार –अफ्रिकी युनियन

नैरोबी, १७ भदौ/सिन्ह्वा

अफ्रिकी देशहरूमा शान्ति र सुरक्षाको अवस्थामा उन्नति भएको अफ्रिकी युनियनले जानकारी दिएको छ। यहाँका आन्तरिक द्वन्द्व एवं अन्य विवादहरूका विषयमा भएका अफ्रिकी देशहरूका सामूहिक प्रयासका कारण यी देशहरूको शान्ति सुरक्षाको अवस्थामा सुधार आएको बताइएको हो।

अफ्रिकी युनियनका एकजना अधिकारीले अफ्रिकी देशहरूमा पछिल्लो समयमा देखा परिरहेको अशान्ति र आतङ्कवादी क्रियाकलापहरूको नियन्त्रणाका क्षेत्रमा सबै देशले सामूहिकरूपमा प्रयास गरेका छन्।

सोही प्रयासका कारण यहाँको शान्ति सुरक्षाको अवस्थामा सुधार आएको युनियनको निशस्त्रीकरण आयोजनाका प्रमुख तथा सुरक्षा क्षेत्र सुधार विभागका प्रमुख क्रिस्टोफर सुना कायोसेले बताएका हुन्।

केन्याको राजधानी नैरोबीमा भएको एक सम्मेलनमा आफ्नो धारणा राख्दै उनले बिहीवार भने– यो सुधार अफ्रिकी देशहरूको सामूहिक प्रयासको प्रतिफल हो।

यसका साथै यी देशहरूले नागरिक समाजका विभिन्न सङ्घसङ्गठनहरूको परिचालनका साथै शान्ति सुरक्षा कायम राख्नका लागि शान्ति सेनाको पनि परिचालन गरेको छ।

यी प्रयासहरू अफ्रिकी देशहरूले सामूहिकरूपमा गरिरहेका र नागरिक सङ्घसंस्थाहरूलाई पनि हत्या हिंसाका विरुद्धमा जनचेतनाका कार्यक्रमहरू गरिएको उनले बताए। रासस

## रेल दुर्घटनामा १९ जनाको मृत्यु, एक हजार २५६ जना घाइते

इस्लामाबाद, १७ भदौ/सिन्ह्वा

पाकिस्तानमा भारी वर्षा र बाढीका कारण रेल दुर्घटनामा पर्दा गएको २४ घण्टामा कम्तीमा पनि १९ जनाको ज्यान गएको बताइएको छ।

यहाँ केही दिनयतादेखि भारी मात्रामा वर्षा भएको छ भने यसका कारण यहाँका कैयौं स्थानमा पहिरो आएको छ। पहिरोका कारण सडकमा क्षति पुगेको छ। यसबाट रेलका लिकहरू पनि बिग्रिएका छन्। यसबाट हुन गएको रेल दुर्घटनामा परी गएको २४ घण्टायता मात्र कम्तीमा पनि २४ जनाको ज्यान गएको बताइएको छ।

यहाँको विपद् व्यवस्थापन प्राधिकरणले सो कुराको जानकारी दिएको छ। उक्त प्राधिकरणले यहाँको रेलसेवा पनि मौसमी वर्षाका कारण प्रभावित हुन पुगेको बताएको छ।

बिहीवार राति सो प्राधिकरणले सार्वजनिक गरेको एक रिपोर्टमा गएको २४ घण्टामा १९ जनाको ज्यान गएको र त्यस दुर्घटनामा नौजना बालबालिका र अरू सातजना महिला पनि परेको जानकारी गराएको छ।

भारी वर्षा र बाढीले पाकिस्तानमा ठूलो जनधनको क्षति हुन पुगेको छ। यहाँका एक हजारभन्दा बढी व्यक्तिको बाढीबाट ज्यान गएको छ भने अरू हजारौंजना घाइते भएका छन्।

बाटो, बिजुलीलगायतका भौतिक पूर्वाधारमा पनि यहाँको बाढी र पहिरोले क्षति पुऱ्याएको बताइएको छ। पाकिस्तानको दक्षिणी सिन्ध प्रान्त बाढी र पहिरोबाट सबैभन्दा बढी प्रभावित हुन पुगेको छ। हिजो मात्र सिन्ध प्रान्तमा १२ जनाको ज्यान गएको छ भने अरू कैयौं घाइते भएका छन्। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | वादविवाद | वृष | यात्रालाभ |
| मिथुन | कडाश्रम | कर्कट | ज्ञानोदय |
| सिंह | उदरपीडा | कन्या | विजय |
| तुला | धनलाभ | वृश्चिक | भाग्योदय |
| धनु | बेचैनी | मकर | मनोरञ्जन |
| कुम्भ | कर्मप्राप्ति | मीन | प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



### विपश्यना ध्यान शिविर सञ्चालनसम्बन्धी सूचना

यही २०७९ भदौ १७ देखि २८ गतेसम्म (२०२२ सेप्टेम्बर ०२–१३) धम्म तराई विपश्यना ध्यान केन्द्र, परवानीपुर, वीरगंजमा १० दिनको आवासीय विपश्यना ध्यान शिविर शुरू हुने जानकारी गराइन्छ। सहभागी हुन इच्छुक महानुभावहरूले सम्पर्क गर्नुहोला।

फोन नं. ९८०४२४४५७६, ९८४५७१८१३७, ९८०२९२९९७९

इमेल–tarai@vridhamma.org



### वीरगंज महानगरपालिकाको सूचना

व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

**वीरगंज महानगरपालिका कार्यालय**


## दिगो पर्वतीय विकासका लागि साझेदारी आवश्यक –मन्त्री यादव

प्रस, परवानीपुर, १७ भदौ/

वन तथा वातावरण मन्त्री प्रदीप यादवले नेपालजस्तो पहाडी मुलुकका लागि आफ्ना हिमाली समस्याहरूलाई विश्वव्यापीरूपमा उजागर गर्ने राष्ट्रहरू, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समुदायहरूबीच दिगो पर्वतीय विकासका लागि बलियो साझेदारी आवश्यक रहेको बताएका छन्।

वन तथा वातावरण मन्त्रालयले शुक्रवार काठमाडौंमा आयोजना गरेको अन्तर्राष्ट्रिय दिगो पर्वतीय वर्ष, २०२२ अन्तर्गत आयोजित 'मिट द एम्बेसडर्स' कार्यक्रममा मन्त्री यादवले दिगो पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय समुदायहरूबीच बलियो साझेदारी आवश्यक रहेको बताए।

उनले हिन्दकुश हिमाली क्षेत्रमा थप औपचारिक र प्रभावकारी ढङ्गले काम गर्दै विकास गर्नका लागि एउटा मन्त्रीस्तरीय सामूहिक सङ्गठनको आवश्यकता रहेको बताए। उनले भने, "हामी विश्वभरका पहाडी क्षेत्रहरूको समृद्धिको लागि विश्वस्तरका देशहरूसँग सहकार्य र साझेदारी बढाउन इच्छुक छौं।"

दिगो पर्वतीय अन्तर्राष्ट्रिय वर्ष, २०२२ मनाउने नेपालको पहलको ढाँचाभित्र यस 'मिट द एम्बेसडर्स' कार्यक्रममा सहभागी अतिथिहरूलाई आफूले स्वागत गर्न पाएको भन्दै मन्त्री यादवले खुशीसमेत व्यक्त गरे। नेपाल सरकारले आफ्ना हिमालका समस्या र सम्भावनाहरू नागरिक र अन्तर्राष्ट्रिय समुदायमा बाँडफाँड गर्न सक्ने गरी विभिन्न कार्यक्रम र गतिविधिहरूसहितको दिगो पर्वतीय विकास अन्तर्राष्ट्रिय वर्ष मनाउने निर्णय भए अनुसार आफूहरू काममा लागिपरेको समेत उनले जानकारी गराए।

नेपालजस्तो पहाडी मुलुकका लागि आफ्ना हिमाली समस्याहरूलाई विश्वव्यापीरूपमा उजागर गर्ने राष्ट्रहरू, क्षेत्रीय संस्थाहरू र अन्तर्राष्ट्रिय समुदायहरूबीच क्षेत्रीय र अन्तर्राष्ट्रिय साझेदारी खोज्ने यो ठूलो अवसर भएको मन्त्री यादवको भनाइ थियो। हामीले वर्षभरिका लागि बनाएको योजनामध्येको आज आयोजना गरिएको कार्यक्रम एउटा कोसेढुङ्गाको रूपमा आफूले लिएको मन्त्री यादवले जिकिर गरे।

यसैगरी, मन्त्री यादवले नेपालमा हिमाल र पहाडले करीब–करीब ८० प्रतिशतभन्दा बढी भूभाग ओगटेको तथा ती क्षेत्रमा पर्ने जङ्गल, सिमसार, खेतबारी, चट्टान अनि हिउँको परिदृश्यले नेपाली पहाडहरू निकै मनोरम देखिनुका साथै ठूलो सङ्ख्यामा वनस्पति र जनावरहरूका प्रजातिका साथै मानव जीविकालाई सहज भएको बताए। आज गरिएका छलफल र वर्षौंदेखि छलफल गर्दै आएका हिमालका मुद्दाले उकालो परिदृश्य मात्र नभई सिङ्गो देशलाई नै राम्रो सङ्केत गर्ने उनको भनाइ थियो। हिमाली क्षेत्रहरूमा जलवायु परिवर्तनको प्रभाव, विशेषगरी उच्च पहाडी क्षेत्रहरूमा संसारका अन्य भागहरूभन्दा बढी गम्भीर समस्या रहेको र तापक्रम वृद्धिप्रति हिमाली क्षेत्रहरू बढी संवेदनशील रहेको मन्त्री यादवको भनाइ थियो। हिमालमा जलवायु परिवर्तनको प्रभावले तराईमा पनि प्रभाव पार्ने तथा विशेषगरी पहाड र तराईको बीचमा पानीजस्ता पारिस्थितिक प्रणालीलाई हिमालमा पर्ने जलवायु परिवर्तनले नकारात्मक प्रभाव पार्नेप्रति मन्त्री यादवले चिन्ता व्यक्त गरे।


पहाडी क्षेत्रहरू विशेषगरी विकासोन्मुख देशहरूले बढ्दो गरीबी, खाद्य असुरक्षा, वातावरणीय ह्रास, प्रकोपको जोखिम र आधारभूत सेवामा सीमित पहुँच जस्ता धेरै कठिनाइ भोगिरहेका कारण समस्या भइरहेको उनको भनाइ थियो।

पहाडी देशहरूले पहाडका कठिनाइहरू समाधानका लागि सामूहिक प्रयासमा सबै मिलेर काम गर्न जरुरी रहेको पनि उनले बताए। अन्तर्राष्ट्रिय पर्वतीय वर्ष २०२२ को अर्को प्रमुख कार्यक्रम सेप्टेम्बर २० र ३२ मा 'मुस्ताङ माउन्टेन समिट'को रूपमा मनाइने भएको छ। मुस्ताङ, एउटा सुन्दर ट्रान्स हिमालयन जिल्ला भएकोले उक्त शिखर सम्मेलनमा नेपालले आफ्नो पर्वतीय घोषणापत्र जारी गर्ने योजना बनाएको छ।

वन तथा वातावरण सचिव डा प्रेमनारायण कँडेलको सभापतित्वमा आयोजना गरिएको उक्त कार्यक्रममा बेलायत, ब्रजील, इजिप्ट, जापान, श्रीलङ्का, जापान, बङ्गलादेशलगायतका राजदूत तथा उच्च पदस्थ कर्मचारीहरूको सहभागिता थियो।

## वीरगंजमा चाबोसती दादीको महोत्सव

प्रस, परवानीपुर, १७ भदौ/




वीरगंजमा दुई दिनदेखि चाबोसती दादीको वार्षिक महोत्सव आयोजना गरिएको छ। रूँगटा समूहका मुरलीधर रूँगटाको आयोजनामा वीरगंजको आदर्शनगरस्थित चाबोसती मन्दिरमा महोत्सव गरिएको हो।

जसमा कोलकाताकी भजनकीर्तन गायिका डोली अग्रवालले झाँकीसहितको सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेकी थिइन्। भारतको राजस्थान राज्यको बगडमा मारवाडी समुदायकी कुलदेवीको रूपमा चाबोसती दादीको पूजा गरिन्छ। हरेक भदौको पञ्चमीका दिन भोग लगाइन्छ भने षष्ठीका दिन मङ्गलपाठको जप गरिन्छ। वीरगंजमा चाबोसती दादीलाई कुलदेवी मान्ने रूँगटा, खेतान, बगाडिया, डिडवनियालगायतका मारवाडी समुदाय यो महोत्सवमा हर्षोल्लासका साथ सहभागी भएको रूँगटा समूहका सुरेश रूँगटाले बताए। महोत्सवको अवसरमा पूजापाठ र प्रसाद पनि वितरण गरिएको थियो।

### छाला........

भएपछि पिम्पल आफैं निको हुन्छ। परेलामा यही सिवेसियस ग्रन्थिलाई मिवोमियन ग्रन्थि र ओठ तथा यौनाङ्गमा फोर्डिस स्पाँट भनिन्छ। दूधको एरिओलामा यसैलाई मन्टगोग्मरी स्पाँट भनिन्छ। छालामा स्वेद ग्रन्थिको सङ्ख्या डेढदेखि पाँच मिलियनसम्म हुन्छ। एक व्यक्तिले नित्य चार ग्यालेन पसिना निकाल्छ, जो व्यायामले गर्दा २०० देखि ३०० सिसीसम्म बढेर जान्छ। प्रत्येक पैतालामा अढाई लाख स्वेद ग्रन्थि हुन्छन् र प्रतिदिन आधा लिटर पसिना निकाल्छ। पसिनाले फैट बर्न गर्दैन तर फैट बर्न भइरहेको इन्डिकेटरको काम गर्छ। नङ, ओठ र कानमा पसिना आउँदैन। त्यस्तै, स्वेदले कुनै टक्सिनलाई बाहिर निकाल्ने काम गर्दैन। डर्मिसको तल बोसोको परत हुन्छ, जसलाई हाइपोडर्मिस भनिन्छ। यसले छालालाई शरीरको भित्री अङ्गसँग जोड्छ र इन्सुलेटर अर्थात् तापको कुचालकको काम गर्छ। मतलब यो कि गर्मीमा गर्मी र जाडोमा जाडो हुन दिँदैन। महिलामा यो फैट बढी भएको कारण महिलाको छालाले कामोबेस एक एयरकन्डिसन जस्तो काम गरेको प्रत्यक्ष देखिन्छ। स्वेद ग्रन्थि दुई थरीका हुन्छन्: एक्रिन र एपोक्रिन। एक्रिन हेयरफोलिकलमा खुलेर स्वेद बाहिर आउँछ। तर योनी, शिश्नमुण्ड र मेमोरीग्लैन्ड अथवा दूधमा डाइरेक्ट खुल्छ। एपोक्रिन सर्वत्र हुँदैन बरु काँखी, यौनाङ्ग क्षेत्र र दूधमुण्डको वरिपरि र नाभीमा हुन्छ। यसले फेरोमोन नामक एउटा केमिकल निकाल्छ, जुन योनिरसमा पनि पाइन्छ, जुन हावामा छरिएर जनावरको अर्को सदस्यलाई आकर्षित गर्छ।

यो छाला नै हो, जसले पानी होल्ड गरेर राख्छ र यसमा व्यापक मात्रामा रक्तको मात्रा पनि हुन्छ। जलेको रोगीमा यही पानीको क्षति हुन्छ, जुन जलेको छालाको समानुपातिक पानी र इलेक्ट्रोलाइटको क्षति हुन्छ। त्यसैले जलेको छालाको क्षेत्रफल र गहिराइको गणना गरी त्यसको प्रतिशत निकालिन्छ यथाः १०, १५, २०, ५०, ६० वा बढी प्रतिशतको रूपमा व्यक्त गरिन्छ। ४० प्रतिशतभन्दा बढी जलेकोलाई भयावह र मृत्युकारक मानिन्छ। भर्खरै भारतको झारखण्डमा शाहरूख नामक केटाले अङ्किता नामक केटीको जीउमा पेट्रोल हालेर जलाएकोमा त्यसको प्रतिशत ९० थियो। जब ४० प्रतिशत नै भयावह हुन्छ भने ९० प्रतिशतमा अङ्किता नबाँचेकोमा कुनै आश्चर्य हुँदैन। खैर यो यस लेखको विषय होइन। छुट्टै बर्न चेप्टरमा विवेचना गरिनेछ।

यसरी हामी के हेर्छौं भने छाला कुनै मजबूत किल्ला होइन तर पनि रोग रोकथाम र कतिपय अन्य कामको लागि महत्त्वपूर्ण अवश्य छ। अरू अङ्गलाई बचाउने छाला स्वयंमा अनेक रोग लाग्ने गर्छ, जलाई डर्मेटाइटिस भनिन्छ, जसको वर्णन अन्यत्र गर्ने कुरा हो। इति।


### नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्र, पर्साको
### आय सङ्कलन काउन्टर बन्द रहने सूचना

उपरोक्त सम्बन्धमा यस वितरण केन्द्रको आय सङ्कलन काउन्टर सञ्चालन गर्ने सिद्धार्थ बैंकको सम्पूर्ण कारोबार मिति २०७९/५/१९ गते बन्द रहने जानकारी प्राप्त भएको हुँदा मिति २०७९ भदौ १९ गते १ (एक) दिन आय सङ्कलन काउन्टर बन्द रहने बेहोरा सम्पूर्ण ग्राहक महानुभावमा जानकारीको लागि अनुरोध गरिन्छ। यसबाट ग्राहकवर्गहरूमा पर्न जाने असुविधाप्रति नेविप्रा वीरगंज वितरण केन्द्र क्षमायाचना व्यक्त गर्दछ।

पुनश्चः २०७९ भदौ १९ गते पाउने रिबेट तथा लाग्ने जरिवाना भोलि २०७९ भदौ २० गते पनि सोही नियमानुसार हुने बेहोरा अनुरोध छ।


### कबाडीकर...........

यस विषयमा नगरप्रमुख राजेशमान सिंहले व्यवसायीहरूको कुरा सुनेर करको दर घटाइएको र त्योभन्दा कम गर्न नसकिने जवाफ दिए। उनले महानगरपालिकामा नेपालका ७७ जिल्लाबाट उठेका कबाडजन्य वस्तुहरू डम्पिङ गरेर व्यवसाय गर्दा त्यसबापत वीमनपालाई पनि कर तिर्नुपर्ने नीति रहेकोले ठेक्का लगाइएको जवाफ दिए।

# फोटो पत्रकार महासङ्घ, बाराको अध्यक्षमा भण्डारी सर्वसम्मत चयन

प्रस, निजगढ, १७ भदौ/

नेपाल फोटो पत्रकार महासङ्घ, बाराको शुक्रवार निजगढमा दोस्रो जिल्ला अधिवेशन सम्पन्न भएको छ। उक्त अधिवेशनबाट अध्यक्ष दिवाकर भण्डारी, उपाध्यक्ष श्याम गुप्ता, सचिव इन्दीप कोइराला, कोषाध्यक्ष प्रह्लाद तिमल्सिना, सदस्यहरूमा प्रदीप गौतम, शिवशङ्कर पटेल, राधेश्याम पटेल, नरेश गुप्तालगायत नौ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन भएको हो।



मन्तव्य राख्दै प्रमुख अतिथि गोकुल घोरसाइने। तस्वीरः प्रतीक

कार्यक्रममा प्रमुख अतिथि पत्रकार गोकुल घोरसाइनेले फोटो पत्रकारिता विधा विशुद्ध प्राविधिक रहेकोले लेखन पत्रकारिता क्षेत्रलाई विश्वसनीय बनाउन फोटो पत्रकारिताको विशिष्ट स्थान रहेको बताउँदै समयानूकुल तालीम र अभ्यासको निरन्तरताबाट नै फोटो पत्रकारिताको महत्त्व अझै बढ्ने बताए। हजार शब्दमा लेखिने समाचार एउटै फोटोले समेट्न सक्ने कैयौं उदाहरण रहेकाले फोटो पत्रकारिताको महत्त्व, विश्वसनीयता विश्व पत्रकारिता क्षेत्रमा छुट्टै रहेको समेत उनले बताए।

महासङ्घको सल्लाहकारमा केन्द्रीय सदस्य एवं निवर्तमान अध्यक्ष जीतलाल श्रेष्ठ, गोकुल घोरसाइने, रेशम तिवारी, लक्ष्मी साह, प्रकाश लम्साल, सिकेन्द्र पासवान, फैजुल्लाह आलम रहेका छन्। सो अधिवेशनको बन्दसत्रले वार्षिक तथा आर्थिक प्रतिवेदन पास गर्दै महासङ्घको भवन निर्माणका लागि निजगढ नगरपालिकासँग जग्गाप्राप्तिका लागि यसअघि गरिएको निवेदनमा नगरपालिकालाई गम्भीर भई दिन आग्रह गर्ने निर्णयसमेत गरेको छ।

भवन निर्माण भएपछि फोटो पत्रकारितासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिले निजगढलाई छुट्टै पहिचान दिन सक्ने अपेक्षासमेत महासङ्घ, बाराले गरेको छ।

कार्यक्रम केन्द्रीय सदस्य जीतलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

# लक्ष्मणवामा चोरहरूको चहलपहल बढ्दो

प्रस, वीरगंज, १७ भदौ/

वीरगंज महानगरपालिका-१५ लक्ष्मणवामा मध्यराति चोरहरू चहलपहल बढेको छ।

शुक्रवार बिहान पौने १ बजेतिर दुईजना चोर वडाध्यक्ष रमेश यादवको घरदेखि दक्षिणतर्फको टोलका चार/पाँच वटा घरको वरिपरि चोरहरू देखिएको स्थानीयवासीले बताए। चोरहरू स्थानीय दीपेन्द्र यादवको घरमा चोरी गर्ने उद्देश्यले प्रवेश गर्न खोजेका थिए। यादवको घरअगाडि मोटरसाइकल पार्किङ गरिराखेको कारण चोरहरूले चोरीको प्रयास गरेको सिसिटिभीमा देखिन्छ।

सो ठाउँमा यसभन्दा पहिले पनि दुई/तीन पटक चोरहरूले चोरी गर्ने प्रयास गरिसकेको र स्थानीयहरूले थाहा पाएपछि भगाएका थिए। वीरगंजमा मोटरसाइकल चोरीका घटना बढिरहेको हुनाले चोरहरू मोटरसाइकल चोर्ने उद्देश्यले आएको हुन सक्ने यादवले बताए। प्रहरी प्रशासनको फितलो गस्तीका कारण रातिपख चोरहरू अहिले वीरगंजमा सक्रिय भएका छन्। यस क्षेत्रमा चोरीका घटना हुन नदिन वडाध्यक्षले ठोस कदम चाल्नुपर्ने स्थानीयवासीको भनाइ छ।



तस्वीरः सौजन्य

# रञ्जीत कर्णको उम्मेदवारी प्रदेशमा

प्रस, सप्तरी, १७ भदौ/

नेपाली काङ्ग्रेसका प्रभावशाली युवा नेता रञ्जीत कर्ण प्रदेशसभामा चुनाव लड्ने निधो भएको छ। सप्तरी निर्वाचन क्षेत्र नं २ (ख) बाट कर्णको नाम उम्मेलवारीको लागि शुक्रवार सिफारिश भएको छ।

सप्तरी क्षेत्र नं २ क्षेत्रीय समितिको बैठकले कर्णसहित सो पार्टीका निर्वाचन क्षेत्र नं २ का क्षेत्रीय सभापति महानन्द यादव, प्रदेश क्षेत्रीय सभापति श्यामकुमार यादव, नेताहरू ध्रुवकुमार देव र अर्जुनप्रसाद साहसमेत पाँचजनाको नाम सिफारिश गरेको छ।

नेविसङ्घका पूर्वकेन्द्रीय अध्यक्षसमेत रहेका कर्ण संविधानसभाका सदस्य पनि हुन्। काङ्ग्रेसका १० जना प्रभावशाली युवा नेतामध्येमा पर्ने उनी २०७४ सालको चुनावमा सोही क्षेत्रबाट प्रदेशसभाका लागि चुनाव लड्दा पराजित भएका थिए।






# ३३६ जनाको स्वास्थ्य परीक्षण

प्रस, वीरगंज, १७ भदौ/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र, छपकैयाले वडा नं २ मा शुक्रवार निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ।


तस्वीरः सौजन्य

शिविरमा ३३६ जनाले स्वास्थ्य परीक्षण गराएका थिए। दुई सयजनाको आँखा चेकजाँच गर्दा ३५ जनामा मोतीबिन्दु देखिएको र उनीहरूको निश्शुल्क शल्यक्रिया गरिने बताइएको छ। शिविरमा दन्तरोग विशेषज्ञ डा रेयाजुल हक, बालरोग विशेषज्ञ डा असलम अन्सारी, फिजिसियन डा रविरञ्जन साह, प्रसूतिरोग विशेषज्ञ डा प्रीति भट्टराई, आँखासम्बन्धी प्राविधिक महेश सिंह धामीले परीक्षण गरेका थिए।

केन्द्रका अध्यक्ष ग्याँसुद्दीन ठकुराइको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम थिए।

कार्यक्रममा वडाध्यक्ष महमद रेयाज मियाँ तेली, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरी, वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक विशाल मल्ल, सशस्त्र प्रहरी निरीक्षक तीर्थ न्यौपाने, महम्मद सदाब, ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतान, व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्कीलगायतको सहभागिता थियो।

कार्यक्रममा स्वागत केन्द्रकी कोषाध्यक्ष प्रेमाकुमारी सिंह र सञ्चालन सदस्य अब्दुल कैशले गरेका थिए।

### अघि बढ्यो..........

बारेमा पुनरावलोकन गर्ने जिम्मा दिएको थियो। फ्रान्सेली कम्पनीले तयार पारेको डिपिआरका सन्दर्भमा पछिल्लो अवस्थाका बारेमा कम्पनीले रायसुझाव दिएको थियो। फ्रान्सेली कम्पनीले आयोजनाको लागत रु दुई खर्ब ७० अर्ब बराबर रहने बताएको थियो। त्यो भनेको पनि झन्डै आठ वर्षभन्दा बढी भयो।

यसबीचमा निर्माण सामग्रीको मूल्यलगायत हरेक क्षेत्रमा समेत मूल्यवृद्धि भएकाले लागत केही बढ्न सक्ने देखिएको छ। आयोजनाका लागि लामो समयदेखि प्रतीक्षा गरेका स्थानीयवासीलाई सरकारको पछिल्लो निर्णयले खुशी दिएको छ।

# खेलकूदको संसार

## सितेरियो कराँतेको छनोट प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, १७ भदौ/

नवौं राष्ट्रिय सितेरिया कराँते प्रतियोगिताको लागि पर्सा जिल्लास्तरीय खेलाडीहरूको छनोट प्रतियोगिता शुक्रवार सम्पन्न भएको छ।

पर्सा जिल्ला सितेरियो कराँते एशोसिएशनले वीरगंज घडीअर्वास्थित खेलकूद विकास समितिको प्राङ्गणमा आयोजित प्रतियोगितामा पुरुषतर्फ ५० किलो तौल समूहमा हासिम मन्सुरी जिल्ला प्रथम भएका छन् भने ५५ किलो तौल समूहमा शिवम् शाक्य, ६० किलो तौल समूहमा राम केशरी र ७६ किलो तौल समूहमा कुणाल साह प्रथम हुँदै छनोट भएका छन्।

त्यसैगरी, महिलातर्फ ४५ किलो तौल समूहमा वर्षा पोखरेल, ५० किलोमा ऋषभ गिरी र ५५ किलो तौल समूहमाट हेमा मगर प्रथम भएका छन्। विभिन्न तौल समूहका ३० जना खेलाडीले प्रतिस्पर्धा गरेको प्रतियोगितामा प्रथम स्थान हासिल गर्नेहरूले मात्रै प्रदेशस्तरीय प्रतियोगितामा भाग लिन पाउने पर्सा जिल्ला सितेरियो कराँते एशोसिएशनका अध्यक्ष विकाश साहले जानकारी गराए।

छनोट प्रतियोगिताको निर्णायकमा अन्तर्राष्ट्रिय रेफ्री चित्रबहादुर पुलामी, खेलकूद विकास समितिका प्रतिनिधि नाजीर हुसेन, तेक्वान्दो प्रशिक्षक महम्मद सकिल, जुडो प्रशिक्षक पृथ्वी आलोक, सङ्घका प्रतिनिधि राजु साह र कासिम शाह निर्णायकमण्डलमा थिए।

मधेस प्रदेशस्तरीय प्रतियोगिता यही भदौ २५ गतेबाट लहानमा शुरू हुन गइरहेको छ।


खेलाडी हासिम मन्सुरी

## तीज कपको फाइनल खेल स्थगित

चिरञ्जीवी सापकोटा, ठोरी, १७ भदौ/

ठोरीमा जारी तीज कप नकआउट फूटबल प्रतियोगिता अनिश्चितकालको लागि स्थगित गरिएको छ।

निर्मल समाज युवा क्लब, ठोरी-४ र वनशक्ति युवा क्लब, ठोरी-२ बीच भएको फाइनल खेल मध्यान्तरपूर्व नै विवाद उत्पन्न भएपछि हाललाई स्थगित गरिएको आयोजक समितिका अध्यक्ष जगेन्द्र पौडेलले जानकारी दिए।


खेलमैदानमा विवाद हुँदै। तस्वीरः प्रतीक

दुवै टीमबाट एक/एक गोल भए तापनि वनशक्ति युवा क्लबका खेलाडीलाई रेफ्रीले रेडकार्ड दिएपछि विवाद उत्पन्न भएको र झन्डै एक घण्टासम्म पनि विवाद नसल्टेपछि आयोजकले बाध्य भएर खेल स्थगित गर्नुपरेको अध्यक्ष पौडेलले जानकारी दिए। आयोजकले खेल स्थगित गरेपछि आक्रोशित समूहले स्टेजमा राखिएका कुर्सी, टेबल तोडफोड गरेका थिए। आक्रोशित भीडलाई नियन्त्रण गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई हम्मेहम्मे परेको थियो।

## साफ च्याम्पियनशिपका लागि दुई राष्ट्रका खेलाडी काठमाडौंमा

काठमाडौं, १७ भदौ/रासस

नेपालले दोस्रोपटक आयोजना गर्न लागेको साफ च्याम्पियशिपमा सहभागिता जनाउनका लागि दुई राष्ट्रका खेलाडी नेपाल आइपुगेका छन्।

यही भदौ २१ देखि असोज ३ गतेसम्म आयोजना हुने उक्त प्रतियोगिताका लागि भुटान र पाकिस्तानका खेलाडीहरू नेपाल आइपुगेको अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले शुक्रवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए। उनका अनुसार सहभागी सबै टोली आइतवारसम्म काठमाडौं आइपुग्नेछन्।

प्रतियोगितामा आयोजक नेपालसँगै भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश र भूटान गरी सात राष्ट्रका महिला राष्ट्रिय फूटबल टोली सहभागी छन्। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूहको 'ए'मा नेपाल, श्रीलङ्का र भूटान छन् भने समूह 'बी'मा भारत, बङ्गलादेश, पाकिस्तान र माल्दिभ्स रहेका छन्।

उक्त प्रतियोगिताको तयारीका लागि एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काको संयोजकत्वमा १९ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। उपाध्यक्ष खड्काले उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिए।

एन्फाले उक्त प्रतियोगिताको टिकेटिङ, मार्केटिङ र बोर्डकास्टिङ अधिकार भने हन्ड्रेड स्पोर्ट्स म्यानेजमेन्ट प्राइभेट लिमिटेडलाई बिक्री गरेको छ। प्रतियोगितामा खेल हेर्न भिआइपी प्याराफिटतर्फ रु पाँच सय र साधारण प्याराफिटतर्फ रु तीन सयको टिकट तोकिएको छ। उक्त प्रतियोगिता सम्पन्न गर्नका लागि कुल रु तीन करोड ४७ लाख ६८० खर्च लाग्ने आयोजकले जनाएको छ।


## धूमपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धूमपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायत दीर्घकालीन रोग लाग्न सक्दछ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धूमपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धूमपान त्याग्ने प्रण गरौं।
- धूमपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं।
- धूमपानले तपाईं र परिवार सबैलाई असर पुर्‍याउँछ।

त्यसैले

धूमपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड